वर्ष : १६, अंक : ५१, काठमाडौं, २०७७ चैत २७ गते शुक्रबार, 9 April 2021, Friday पृष्ठ : ८, मूल्य रू : १०

राष्ट्रिय एकता, राष्ट्रियता र मधेशवादप्रति समर्पित www.madheshvani.com

राष्ट्रिय साप्ताहिक

# मधेशवाणी

The Voice of Madhesh

पत्रकार सम्मेलन, सभा, गोष्ठी वा बैठक गर्नुपरेमा हामीलाई सम्झनुहोस् ।

कुनै सभा, गोष्ठी, सम्मेलन, बैठक वा पत्रकार सम्मेलन गर्नुपरेमा ६० देखि ७० जनासम्म अटाउने क्षमता भएको हल मधेश मिडिया हाउसमा सम्पर्क राख्नुहोस् ।

| शुल्क | सेवा |
|---|---|
| रू. ५०००/- (पाँच हजार मात्र) | फोन, फ्याक्स, इमेल |

मधेश मिडिया हाउस
हनुमानस्थानचोक, अनामनगर, काठमाडौं
फोन नं. : ०१-५७०६१४१, ९८०८१२५०२४
ई-मेल : madheshmediahouse@gmail.com

# जसपाभित्र दुई धार सक्रिय

## ठाकुरसँग भट्टराई र यादव असन्तुष्ट, नेताहरुबीच मतभेदका कारण पार्टी अनिर्णयको बन्दीमा

मधेशवाणी डेस्क

काठमाडौं । नयाँ सत्ता समीकरण निर्माणको विषयमा महत्वपूर्ण शक्ति मानिएको जसपा आन्तरिक विवाद र शीर्ष नेताहरुको मतभिन्नताका कारण अनिर्णयको बन्दी बनेको छ ।

प्रधानमन्त्री केपी शर्मा ओलीसँग पार्टीका पहिलो अध्यक्ष महन्थ ठाकुरको निकटता बढ्दै गएपछि अर्को अध्यक्षद्वय बाबुराम भट्टराई र उपेन्द्र यादव सशंकित बनेका छन् जसका कारण पार्टीको विवाद उत्कर्षमा पुगेको छ । ओली र ठाकुरबीच बढ्दै गएको निकटताप्रति भट्टराई र यादव झस्किएका छन् । भट्टराई र यादव कुनै पनि अवस्थामा एमालेसँग मिल्ने पक्षमा छैनन् । ओलीले संसद विघटन गरेपछि भट्टराई र यादव अहिलेसम्म उनको तीव्र आलोचना गर्दै आइरहेका छन् । उनीहरु ओलीको बहिर्गमन हुनुपर्ने बताउँदै आएका छन् ।

भट्टराईले सार्वजनिक रूपमै 'दिमाग खुस्केकाहरू मात्र ओलीसँग मिल्छन्, हामी मिल्दैनौं,' भन्ने गरेका छन् । तर उनकै पार्टीका अध्यक्ष ठाकुर ओलीसँग मिल्न अन्तिम तयारीमा छन् ।

यसबीचमा, प्रधानमन्त्री र ठाकुरबीच धेरैपटक भेट भइसकेको छ । ठाकुरनिकट नेताहरू ओली सरकारले माग पूरा गरेमा ओलीसँग मिलेर सरकारमा जान सकिने बताउँदै आएका छन् । तर यादव निकट नेताहरू ओलीसँग कुराकानी गर्न समेत चाहेका छैनन । त्यसैले ओलीसँग भेटघाट गर्दा भट्टराई र यादव सहभागी हुने गर्दैनन् । ठाकुर र ठाकुरनिकट नेताहरूले मात्र ओलीसँग कुराकानीमा छन् । 'हाम्रो लाइन प्रष्ट छ, जसले माग पूरा गर्छ, त्यसलाई हामीले समर्थन गर्छौ,' हालै ठाकुरले एक टिभी अन्तवार्तामा भनेका छन् । 'ओली सरकारले हाम्रो माग पूरा गर्छ भने ओली सरकारलाई हामी समर्थन गर्छौं,'अन्तवार्ताका क्रममा उनले भने ।



### बैठकै बस्दैन

पार्टीभित्र विवाद बढ्दै गए पछि पार्टीको बैठक पनि बस्न सकेको छैन । चैत ५ गते बोलाइएको कार्यकारिणी समितिको बैठक बसेको छैन । ५ गते बस्न नसकेको बैठक होली पछि बस्ने भनिएको थियो तर होली पछि पनि बैठक अहिलेसम्म बसेको छैन ।

कार्यकारिणी समितिको पछिल्लो बैठक पुसको पहिलो साता भित्र बसेको थियो । त्यस बेला समीकरणको चर्चा उठेको थिएन । पार्टीको केन्द्रीय समितिको बैठक अहिलेसम्म एक पटक पनि बस्न सकेको छैन । जसपाका नेताहरु भने तयारी नपुगेर बैठक बस्न नसकेको दाबी गर्छन । तर बैठक नबस्नुको कारण शीर्ष नेताहरुबीच मतभेद रहेको जनाइएको छ ।

पार्टीभित्रको विवादमा पूर्व राजपाका अध्यक्ष मण्डलका ६ सदस्यमध्ये ५ जना सदस्यहरूले ठाकुरलाई साथ दिएका छन् । ठाकुरको साथमा राजेन्द्र महतो, शरदसिंह भण्डारी, राजकिशोर यादवलगायतका नेताहरु छन् ।

पूर्व राजपा नेता महेन्द्र राय यादवले भने उपेन्द्र यादवलाई सहयोग गरेका छन् । यसैगरी यादवलाई भट्टराई बाहेक रामसहाय यादव र राजेन्द्र श्रेष्ठले पनि साथ दिएका छन् । तर पनि पार्टीभित्र ठाकुर बहुमतमा छन् । विमल श्रीवास्तव, प्रदीप यादव, इस्तियाक राईलगायतका सांसदहरूले पनि ठाकुरलाई साथ दिदैं आएका छन् ।

ठाकुर निकट नेताहरूले प्रधानमन्त्रीले आफ्नो माग सम्बोधन गरेमा सरकारलाई समर्थन गर्ने या सरकारमा जान सकिने धारणा राख्दै आएका छन् । पार्टीभित्र दुई लाइनको विवाद बढ्दै गएपछि पार्टी समायोजनको काम पनि अवरुद्ध भएको छ । अहिलेसम्म केही हिमाली र पहाडी जिल्लाका एक/दुई ठाउँमा मात्र समायोजन भएको छ । पूर्व राजपा र पूर्व समाजवादीको प्रभाव रहेको प्रदेश २ तथा लुम्बिनी प्रदेशका एक जिल्लामा पनि अहिलेसम्म समायोजन भएको छैन।

### भट्टराई र यादव रुष्ट

ओली र ठाकुरबीच निकटता बढेपछि यादव र भट्टराई असन्तुष्ट बनेका हुन् । यादव र भट्टराई भने ओलीलाई जतिसक्दो छिटो सत्ताबाट हटाउनुपर्नेमा जोड दिदै आएका छन् । उनीहरु अभियानमै सक्रिय छन् । ठाकुर भने ओलीसँगै समीकरण बनाएर जाने पक्षमा देखिएका छन् ।

ठाकुरको कार्यशैलीबाट यादव र भट्टराई असन्तुष्ट बन्दा दूरी बढेको छ । बबरमहलस्थित महन्थ ठाकुरको सम्पर्क कार्यालयमा यादव र भट्टराई जान छाडेका छन् । बालकुमारीस्थित पार्टी कार्यालयमा भने ठाकुर जान्छन् ।

भट्टराई र यादव कुनै पनि हालतमा ओलीसँग समीकरण बनाउन नहुने पक्षमा छन् । उनीहरु ओलीलाई प्रधानमन्त्रीबाट हटाएर काँग्रेस, माओवादी केन्द्र र जसपाको समीकरणको सरकार बनाउनुपर्ने पक्षमा छन् । प्रतिनिधि सभा विघटन गर्ने ओलीको कदमविरुद्ध उभिएकाहरु एकजुट हुनुपर्ने पक्षमा उनीहरु छन् ।

सत्ता समीकरणको खेलले राजपाभित्र धाजा फाटिसकेको छ तर यसै कारण राजपा फुट्ने सम्भावना भने देखिदैन । अहिलेको जसपाको ध्रुवीकरणलाई प्रधानमन्त्रीको दाबी बलियो बनाउने रणनीतिका रुपमा पनि बुझिएको छ ।

प्रतिनिधि सभामा जसपासँग ३४ सांसदमध्ये २ जना रेशम चौधरी र हरिनारायण रौनियार निलम्बित छन् । ३२ जनाले मतदान गर्न पाउने भएकाले जसपा नयाँ सरकारका लागि सत्ता समीकरणमा निर्णायक शक्ति बनेको छ ।

## 'ओलीलाई समर्थन गर्ने सम्भावना छैन'

काठमाडौं । जसपा दुई धारमा विभाजित भइरहेका बेला नेता महेन्द्र राय यादवले प्रतिनिधि सभा पुनःस्थापनाका पक्षमा आन्दोलन गरेका शक्तिहरू मिलेर नयाँ गठबन्धन बनाउनुपर्ने धारणा व्यक्त गरेका छन् । प्रतिनिधि सभा विघटन गर्ने प्रधानमन्त्री केपी शर्मा ओलीको कदमलाई जसपाले असंवैधानिक भनेको, अहिलेसम्म त्यो निर्णय परिवर्तन नभएको र प्रतिनिधि सभा विघटनविरुद्ध आन्दोलन गरेकाले प्रतिनिधि सभा पुनःस्थापनाका पक्षमा आन्दोलन गरेका शक्तिहरू मिलेर नयाँ गठबन्धन बनाउनुपर्ने उनको धारणा छ । उनले ओली नेतृत्वमा रहेका प्रतिगमनकारीसँग गठबन्धन नहुने पनि बताए । 'हामीले प्रतिनिधि सभा विघटनलाई प्रतिगामी कदम भनेका थियौं । सर्वोच्च अदालतले प्रधानमन्त्री ओलीको असंवैधानिक कदमलाई सच्याएको छ,' नेता यादवले भने, 'पार्टीको निर्णयविपरीत कसले के गर्छ, के बोल्छ ? कोसँग भेटघाट गर्छ भन्ने कुराले ठूलो अर्थ राख्दैन ।' सरकार गठनकै बेला समर्थन दिए पनि प्रधानमन्त्री ओलीले कुनै मागलाई सम्बोधन नगरेकोले समर्थन फिर्ता लिएको कुरा उनले स्मरण गराए ।

## 'सरकार बचाउने वा बदल्ने हाम्रो प्राथमिकता होइन'

काठमाडौं । जनता समाजवादी पार्टी, नेपालका नेता वृषेशचन्द्र लालले आफ्नो पार्टीको एजेण्डा सरकार परिवर्तन वा सरकारलाई निरन्तरता दिने नरहेको बताएका छन् । उनले आफूहरुको सरोकार सरकार बनाउने वा गिराउने भन्दा पनि मुद्दा सम्बोधन नै मुख्य रहेको स्पष्ट पारे । उनले भने,'हाम्रो एजेण्डा स्पष्ट छ, हामी सरकार पविर्तन गर्ने वा नयाँ सरकार बनाउने भन्ने होइन, हामीलाई हाम्रो मुद्दा सम्बोधन गर्नुपर्छ ।' उनले लाल आयोगको प्रतिवेदन सार्वजनिक गर्नुपर्ने, झुठा मुद्दा लागेकाहरुको मुद्दा फिर्ता, बन्दी रिहाई हुनुपर्ने पनि बताए । उनले भने,'हाम्रो संघर्ष भनेको यो सरकारलाई परिवर्तन गर्नमात्रै होइन ।' उनले आफूहरुले माग पूरा गराउनको लागि राज्यसँग वार्ता गर्नुपर्ने भएकोले सोहीअनुसार अहिले सरकारसँग वार्ता भइरहेको पनि बताए । उनले आफूहरु कसैलाई पनि समर्थन गर्ने पक्षमा नरहेको भन्दै तटस्थ रहने बताए । उनले आफूहरुले कांग्रेस सभापति शेरबहादुर देउवा र माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहालसँग पनि कुरा गरिराखेको बताए ।

## निजामती सेवामा थारु समुदायका लागि ७ प्रतिशत कोटा छुट्याउन सिफारिस

काठमाडौं । थारु आयोगले थारु समुदायको निजामती सेवामा सहभागिता कोटा घटाएको भन्दै निजामती विधेयकमा संशोधन गर्न सरकारलाई सिफारिस गरेको छ । बुधबार बसेको थारु आयोगको बैठकले जनसंख्याको आधारमा प्रतिशत तोकी राज्यका हरेक क्षेत्रमा थारु समुदायलाई समानुपातिक समावेशिताको व्यवस्था गर्न नेपाल सरकारलाई सिफारिस गर्ने निर्णय गरेको आयोगका अध्यक्ष विष्णु चौधरीले बताए । 'प्रतिनिधिसभाको राज्य व्यवस्था तथा सुशासन समितिले पारित गरेको विधेयकमा थारुलाई अन्याय गरिएको छ । थारु महिला र थारु समुदायको प्रतिशत (५+७) लाई औसत गणना गर्दा ६ प्रतिशत मात्र हुन आउँछ। तर समितिले जथाभावी हिसाब गरेर थारु समुदायको हकमा घटाइएको छ । यो थारु समुदायमाथिको विभेद हो । यसलाई संशोधन गर्नु जरुरी छ,'उनले भने । नेपाल सरकारबाट हालै संसदमा पेश भएको संघीय निजामती सेवा विधेयकमा पदपूर्ति सम्बन्धी विशेष व्यवस्था अन्तर्गत थारु महिलाहरुलाई ५ प्रतिशत र थारु समुदायका लागि ७ प्रतिशत कोटा निर्धारण गरिएको छ ।

निर्वाचन ऐन २०७४ ले थारु समुदायबाट उम्मेदवारको बन्दसूचीको समावेशी आधारमा ६.६ प्रतिशत निर्धारण गरेको छ । जनसंख्याको आधारमा निर्धारित उक्त आधारभन्दा कम प्रतिशत थारु समुदायको लागि निर्धारण गरी प्रस्तावित विधेयकमा पदपूर्तिको व्यवस्था भएको छ ।

यसअघि राज्य व्यवस्था समितिले निजामती सेवामा आरक्षणको ५० प्रतिशतलाई शतप्रतिशत मानेर पुनः समावेशी आरक्षणका लागि छुट्याएको थियो । जसमा दलित १३ प्रतिशत, आदिवासी जनजाति २६ प्रतिशत, खसआर्य २८, मधेशी १६ प्रतिशत, थारु ५ प्रतिशत, मुस्लिम ४ प्रतिशत, पिछडिएको क्षेत्र ४ प्रतिशत र अपांगता भएका व्यक्तिले ४ प्रतिशत आरक्षण पाउने निर्णय गरेको थियो ।

## थरुहट/थारुवान संघर्ष समितिको मागप्रति सरकार सकारात्मक

काठमाडौं । सरकार र थरुहट थारुवान संयुक्त संघर्ष समितिबीच जारी वार्ता सकारात्मक देखिएको छ । सरकारले समितिको मागलाई सम्बोधन गर्ने गरी समाधान खोजिरहेको बताइएको छ । सिंहदरवारस्थित गृह मन्त्रालयमा सरकार र समितिबीच मंगलबार तेस्रो चरणको वार्ता सम्पन्न भएको थियो । वार्तामा सहभागी सदस्यहरुले थरुहटले उठाएको १९ बुँदे मागको बुँदागतरुपमा अध्ययन गरी सम्बोधनमा सरकार सकारात्मक रहेको प्रतिक्रिया दिएका छन् ।

सरकारी वार्ता टोलीका संयोजक गृहमन्त्री रामबहादुर थापा बादलले बैठकमा जानकारी गराएका थिए । थरुहटका तर्फबाट वार्ता टोली सदस्य प्रेमीलाल चौधरीकाअनुसार बैठकमा बुँदागत रुपमा मागबारे छलफल भएको हो । छलफल सकारात्मक रुपले अघि बढेकाले अब बस्ने बैठकमा निष्कर्षमा पुग्ने गरी अगाडि बढ्ने सहमति बनेको पनि उनले बताए । थरुहट पक्षले उठाएको मागमध्ये सांसद रेशमलाल चौधरीको रिहाई तथा झुठा मुद्दा खारेजको विषयलाई कानुनी आधारमा समाधान खोज्ने र बाँकी मागहरु वार्ताबाटै सहमतिमा पुग्ने करिब सहमति बनिसकेको तर अन्तिम रुप दिन मात्र बाँकी रहेको चौधरीले बताए ।

थरुहट पक्षले उठाएको मागमा लोक सेवा आयोगमा जनसंख्याको आधारमा आरक्षणको व्यवस्था गरिनुपर्ने, थरुहट आन्दोलनका बेला शहिद भएका परिवारलाई क्षतिपूर्ति दिनुपर्ने, सहादत्त प्राप्त गरेकालाई शहिद घोषणा गर्नुपर्ने मागमा करिब सहमति बन्ने वातावरण बनेको वार्ता समिति सदस्य चौधरीले बताए । थारु कल्याणकारिणी सभा ( थाकस) का अध्यक्ष धनीराम चौधरीको संयोजकत्वमा रहेको थरुहट थारुवान संयुक्त संघर्ष समितिले पाँच सदस्यीय वार्ता टोली गठन गरी सरकारसँग वार्ता गरिरहेको छ । सरकारको तर्फबाट वार्ता टोलीमा गृहमन्त्री बादल, प्रधानमन्त्रीका परराष्ट्र विज्ञ डा. राजन भट्टराई, पूर्व राज्यमन्त्री भगवती चौधरी छन् । त्यस्तै, थरुहट पक्षको तर्फबाट संयोजक पूर्व सांसद रुक्मिणी चौधरी, सदस्य पद्मनारायण चौधरी, प्रेमीलाल चौधरी, चन्द्रपसाद चौधरी र प्रभातकुमार चौधरी रहेका छन् ।

## राप्रपा महामन्त्री जसपामा प्रवेश गर्ने

काठमाडौं । राष्ट्रिय प्रजातन्त्र पार्टीका महामन्त्री दीपक बोहराले जसपामा प्रवेश गर्ने तयारी गरेका छन् । जसपामा प्रवेशका लागि उनले नेताहरुसँग विभिन्न चरणमा कुराकानी गरिसकेका छन् । उनले जसपाका प्रभावशाली नेताहरुसँग बैठक बसेर महत्वपूर्ण पद समेत मागेका छन् । बोहराले पार्टीको महत्वपूर्ण पद मागेका पनि अहिलेसम्म त्यस विषयमा कुरा मिलेको छैन । रुपन्देही चुनावी क्षेत्र रहेका बोहराले आउँदो निर्वाचनलाई विचार गरेर जसपा प्रवेशको प्रक्रिया बढाएका हुन् । उनले गएको निर्वाचनमा नेकपा एमालेका घनश्याम भुसालसँग हार व्यहोरेका थिए । यसअघि नेपाली काँग्रेससँग चुनावी गठबन्धन भएर बोहराले साथ पाएका थिए ।

## प्रदेश २ प्रमुखको मधेश–मुस्ताङ्ग यात्रा

काठमाडौं । प्रदेश २ का प्रमुख डा. राजेश अहिराज अहिले हिमाल पारीको जिल्ला मुस्ताङ्गको भ्रमणमा छन् । उनले मधेश र मुस्ताङ्गलाई धार्मिक र पर्यटकीय रुपले कसरी जोड्न सकिन्छ भन्ने उद्देश्यले मुस्ताङ्गको विभिन्न क्षेत्रको भ्रमण गरेका हुन ।

गण्डकी प्रदेशको उत्तरपट्टी अवस्थित हिमाल पारीको जिल्ला मुस्ताङ्ग हो । धवलागिरी र निलगिरी दुई अग्ला हिमशिखरको वीचमा अवस्थित यो जिल्ला हिन्दू र वौद्ध तिर्थयात्रीहरुको पावन भूमि, पवित्र कृष्ण गण्डकी प्रवाहित हुने प्रकृतिको अनुपम दृष्य भएको, पर्यटकको लागि मनमोहक एवम् सुन्दर र रमणीय ठाउँ हो । परापूर्व कालमा

*बाँकी अन्तिम पृष्ठमा*



## नागरिकताको राजनीति

# सरकार जानाजान नागकिरलाई 'अनागरिक' बनाउँदैछ

काठमाडौं । सर्लाही, लालबन्दीकी २५ वर्षीया सोनु यादव (परिवर्तित नाम) मधुमेह रोगी हुन् । मिर्गौलासमेत बिग्रिएर वीर अस्पतालमा डायलसिस सुरु गरेपछि डाक्टरले उनलाई वडाको सिफारिस ल्याए निःशुल्क हुने बताए । तर उनले आमाको नामबाट नागरिकता बनाउन पाऊँ भन्दै सर्वोच्चमा दायर गरेको रिटको पेसी आउँदो असार १ गतेमात्रै छ । त्यसैले नेपाली भईकन पनि उनले राज्यले दिने सुविधा पाउन सकिनन । नागरिकता नभएकै कारण रोजगारीसमेत नपाएकी उनले यसकै कारण राज्यले दिने स्वास्थ्य सुविधाबाट पनि वञ्चित हुनुपर्‍यो । नागरिकतामात्रै भइदिएको भए साताको दुईपटक डायलसिस गर्दा वीर अस्पताललाई तिर्नुपर्ने ८ हजार शुल्क मिनाहा हुन्थ्यो । काठमाडौं फर्पिङकी २८ वर्षीया सोनिका लामा (परिवर्तित नाम) लाई ६ महिनाअघि उनी कार्यरत ससेज फ्याक्ट्रीले कामबाट निकालिदियो । बुबाको पहिचान नभएको भन्दै राज्यले नागरिकता नदिँदाको पीडा त छँदै थियो, तलब बैंक खातामै हालिदिने र त्यसका लागि अनिवार्य प्यान कार्ड चाहिने राज्यकै नीतिका कारण उनले जागिर गुमाइन् । सोनुलाई अहिले जीवन चलाउन थप मुस्किल परिरहेको छ ।

आमाका नामबाट वंशज, जन्मसिद्ध बाबुका छोराछोरी तथा बुबा विदेशी र नेपाली आमाका नामबाट अंगीकृत लिनुपर्नेहरू राज्यको असंवेदनशीलताका कारण नागरिक बन्न नसकेपछि त्यसले निम्त्याइरहेको पीडा भयावह छ । तर यी पीडालाई केही हदसम्म भए पनि सम्बोधन गर्न सक्ने 'नेपाल नागरिकता ऐन २०६३ लाई संशोधन गर्न बनेको विधेयक' संसद्मा पुगेर अड्केको अड्क्यै छ । नागरिकता पाऊँ भनेर दिइएका निवेदन संसद्बाट विधेयक पारित नभएकै बहानामा प्रशासन कार्यालयहरूमा पनि अड्किइरहेका छन् । काठमाडौं जिल्ला प्रशासनमा मात्रै आमाका नामबाट र बाबुआमा दुवैको पहिचान नभएका नेपालीले नागरिकता पाऊँ भनी दिएका १४ वटा निवेदन वर्षौंदेखि थन्किएका छन्, नागरिकता पाउन आवश्यक सबै प्रक्रिया र कागजात हुँदाहुँदै पनि नागरिकता लिन नसकेका अरू कति त्यस्ता व्यक्ति छन्, गृह मन्त्रालयसँग यकिन तथ्यांक छैन । अरू गैरसरकारी संस्थाहरूको तथ्यांकमा भने संशोधित कानुन पारित नभएकाले र भएका कानुनका आधारमा नागरिकता दिन प्रशासन कार्यालयहरूले आनाकानी गरिदिएकाले नागरिक हुन पाउने करिब ६७ लाख नेपालीको अधिकार कुण्ठित भइरहेको छ । जबकि संविधान र मुलुकको कुनै पनि कानुनले नागरिकतासम्बन्धी मौलिक अधिकारलाई बन्देज गरेको छैन । महिला, कानुन र विकास मञ्चले २०७२ मा गरेको अध्ययनअनुसार नेपालमा नागरिकता नभएकाको संख्या ४६ लाख थियो । २०७८ सम्ममा यो संख्या ६७ लाख १४ हजार पुग्ने अध्ययन मञ्चले त्यतिखेरै गरेको थियो तर कानुनले सहज बनाइदिए यत्तिका संख्यामा नागरिक नागरिकताविहीन हुँदैनथे भन्ने तथ्यलाई कहिले संसद् र कहिले सरकारले नजरअन्दाज गरिदिँदा नागरिकताको समस्या दिनदिनै बढिरहेको हो ।

२०७२ को संविधानले नागरिकताका सन्दर्भमा अन्तरिम संविधान २०६३ को भन्दा केही सजिलो व्यवस्था गरेको छ/ । संविधान आएको ५ वर्ष पार गरिसक्दा पनि संवैधानिक व्यवस्था कार्यान्वयनका लागि ऐन नबन्दा संविधानले नागरिक मानेका व्यक्तिले समेत नागरिकता पाएका छैनन् । ऐन नबन्दासम्म पुरानै ऐन क्रियाशील हुनुपर्ने हो तर नागरिकता बनाउन जाने अधिकांशलाई संसद्बाट ऐन पारित भएको छैन भन्दै फर्काउने गरिएको छ । जिल्ला प्रशासन कार्यालय काठमाडौंका प्रमुख जिल्ला अधिकारी कालीप्रसाद पराजुलीले संसद्बाट ऐन पारित नभएकाले आफूहरूलाई निर्णय गर्न कठिन भइरहेको बताए । मञ्चको अर्को एक अध्ययनअनुसार प्रत्येक वर्ष साढे ६ देखि ७ लाख जना १६ वर्ष पुग्छन् । तीमध्ये करिब ४ लाख १५ हजारले मात्रै नागरिकता लिन्छन् । यही हिसाबअनुसार पनि वर्षमा करिब २ लाख नेपाली बर्सेनि नागरिकताविहीन हुने गरेको तथ्यांक मञ्चसँग छ । संविधानको ११ (५) ले नेपाली वंशजका आधारमा नागरिकता दिने व्यवस्था गरेको छ । त्यस्तै बेचबिखनमा परेका, वैदेशिक रोजगारीमा बेचबिखनमा परेका, यौन शोषणमा परेर गर्भधारण गरेका नेपाली महिलाबाट जन्मिएका सन्तानलाई मध्यनजर गर्दै विदेशी भूमिमा जन्मिएको भए पनि आमासँग वंशजको नागरिकता छ भने सन्तानलाई नागरिकता दिने व्यवस्था संविधानले गरेको छ । त्यही व्यवस्थाअनुसार आएको विधेयकमा सहमति जुटेर संसद्मा पेस हुँदासमेत पारित नभएपछि समस्या बल्झिँदै गएको हो ।

गृहमन्त्री रामबहादुर थापाले २०७५ साउन २२ मा नागरिकता विधेयक संसदमा दर्ता गराएका थिए । विधेयकमाथि पहिलोपटक २०७५ भदौ ४ मा संसदमा छलफल भयो । भदौ ५ मा संसद्को विधेयक शाखाबाट राज्य व्यवस्था समितिमा पुगेको विधेयकबारे नागरिकता नपाएकाहरूले आफ्ना समस्या सुनाएका थिए । अहिले पनि राज्य व्यवस्था समितिमा विधेयकको अवस्था कस्तो छ भनेर बुझ्न जानेहरूको संख्या उत्तिकै छ तर विधेयक संसदमा पुगेर अड्किएको छ । समितिबाट

*बाँकी अन्तिम पृष्ठमा*

## सम्पादकीय

# अन्योलमा गठबन्धन

प्रधानमन्त्री केपी ओलीको निरन्तरता वा बहिर्गमन वा नयाँ सत्ता समीकरणमा मूलतः दुई प्रवृत्तिमा राजनीतिक दलहरु विभाजित छन् । सत्ताको चरमोत्कांक्षा र त्यसबाट आकस्मिक अनपेक्षित भुँइमा बजारिँदा फेरि एकछिन सत्ताप्रति चरम निराशा पैदा हुन्छ । सत्ता प्राप्ति सम्भव छैन भनेपछि अरूलाई सत्ताच्यूत र सत्तारोहण गराउँदा पनि सन्तुष्टि नै प्राप्त हुन्छ सायद । नेपाली राजनीति नै अहिले ओलीको वरिपरि केन्द्रित छ ।

ओलीलाई सत्ताबाट हटाउनुमै आफ्नो सफलता ठान्छ । आफ्नो पार्टी आकारमा सीमित हुँदै गरेकोमा पश्चाताप र पीडा छैन, बरु ओलीलाई हटाउन नसकेर भक्कानिएको छ । पुष्पकमल दाहाल 'प्रचण्ड', माधवकुमार नेपाल, बाबुराम भट्टराई र उपेन्द्र यादवहरू आफ्नो पार्टी विस्तारमा होइन, ओलीको प्रभाव आँकलनमा बढी समय खर्च गर्दै आएका छन् ।

सत्ताबाट हटाएरमात्र हुँदैन, प्रत्यक्ष लाभ पाउनुपर्छ भन्ने अर्को प्रवृत्ति पनि छ । त्यसको अर्थ प्रधानमन्त्रीका रूपमा ओलीको निरन्तरताबाट आफू र आफ्नो पार्टी वा समूहलाई राजनीतिक लाभ हासिल हुन्छ भने तयार हुनुपर्छ भन्ने हो । काँग्रेस सभापति शेरबहादुर देउवा, जनता समाजवादी पार्टीका नेताहरू महन्थ ठाकुर र राजेन्द्र महतो, खासगरी पूर्वराजपा पक्ष यसका पक्षधर हुन । पार्टीगत दृष्टिकोणबाट हेर्दा, अर्को

**अहिलेको सरकारको विकल्प खोजिहाले नेतृत्वमा आउनसक्ने पात्र पनि पटक पटक परीक्षण र असफल भएका नै हुने प्रबल सम्भावना छ । उनीरूबाट पनि देश प्रताडित नै थियो, परिस्कृत थिएन ।**

सरकार बन्न नसक्ने अवस्था कायम गरिरहँदा ओलीले नै गराउने मध्यावधि निर्वाचनबाट सबैभन्दा बढी राजनीतिक फाइदा काँग्रेसलाई हुन्छ ।

सत्ताधारी नेकपाभित्र जस्तो खालको संकट देखियो वा अहिले एमालेमा जस्ता संकट देखिँदैछन्, यसको कारक तत्व वा बीउको खोजी हुनुपर्छ/ । आफैँभित्रबाट उम्रिएको हो कि अरूले आएर बीजारोपण गरिदिएका हुन् ? यत्ति मात्रै छुट्याइए पनि समाधानका हजार उपाय निस्कन सक्छछन् । संकटको स्रोत आफूमै छ भने शुद्धीकरणका लागि महाभारत, रामायण, भागवत् के गर्दा हुने हो ? शान्तिस्वस्ती अथवा आत्मालोचना गरेरै भए पनि सच्चिने र मुलुकलाई सही दिशा दिने निःस्वार्थ प्रयत्नमा ढिलाइ हुनुहुँदैन । संकटको बीउ अन्तैबाट रोपिएको हो भने त यत्ति ज्ञान मात्रैले पनि समाधानका दैला उघार्न मद्दत गर्नसक्छन् ।

यदि विभिन्न दलले भनेजस्तो यो सरकार पूर्ण असफल भएको हो भने त उनीहरूले यसलाई तत्काल विस्थापित गर्नुसट्टा अझै केही समय चल्न दिनुचाहिँ राजनीतिक रूपमा हितकारी हुन्छ । उनीहरूको पूर्वाग्रही आरोपलाई विश्वास गर्ने हो भने यो सरकार जति लामो समय रह्यो त्यति नै जनतालाई सास्ती हुने, देशको अविकासले प्रश्रय पाउने, समस्या तथा बेथिति चुलिने हुन्छ । त्यस्तो अवस्था बन्नु भनेको त अहिले विरोध गर्नेहरूलाई आगामी चुनावमा उनीहरूका पक्षमा जनमत सिर्जना हुने स्थिति आउनु पनि होला । त्यसैले सरकार अलोकप्रिय छ भने त्यसमा उनीहरू त खुसी भएर अर्को निर्वाचनमा आफ्नो चुनावी हतियार बनाउने सोचसहित अझै सरकारको निरन्तरता अनि त्यो निरन्तरताले दिने अलोकप्रियताको चाहना गर्नुपर्थ्यो होला नि ।

अहिलेको सरकारको विकल्प खोजिहाले नेतृत्वमा आउनसक्ने पात्र पनि पटक पटक परीक्षण र असफल भएका नै हुने प्रबल सम्भावना छ । उनीरूबाट पनि देश प्रताडित नै थियो, परिस्कृत थिएन ।

सरकार भनेको सन्तान अनि सत्तारुढ दल त्यसको अभिभावक हो । सन्तानले आशातित सफलता नपाएको खण्डमा सन्तान फेर्ने होइन कि उसको क्षमता अभिवृद्धिमा सहयोगचाहिँ अभिभावकको धर्म र दायित्व हुन्छ । अरूलाई सरकार परिवर्तनको उत्प्रेरणा दिनेगरी आन्तरिक किचलो जन्माउनु दलीय अपराधसमेत पनि हो ।

# निर्णायक जसपा अनिर्णित



ललित कुमार यादव

**सके जसपाको साथ लिएर आफ्नै नेतृत्वको सरकारलाई निरन्तरता दिने । आफ्नो नेतृत्वको सरकारलाइ निरन्तरता दिन नसके विकल्पमा सरकार नै गठन हुन नदिने खेलमा प्रधानमन्त्री ओली रहेका छन् । ओली नेतृत्वको सरकारले निरन्तरता पाउन नसकेमा, अर्को सरकारको गठन गर्ने प्रकृया आरम्भ हुन्छ ।**

प्रधानमन्त्री के. पी. शर्मा ओलीले गत पौष ५ गते प्रतिनिधिसभा विघटन गरेका थिए । प्रधानमन्त्रीको सो कदमको चौतर्फी विरोध भयो । केही दिन सडक पनि तात्यो । प्रधानमन्त्रीको कदम असंबैधानिक रहेको ठहर गर्दै सम्मानित सर्वोच्च अदालतले फाल्गुण ११ गते प्रतिनिधिसभा पुनःस्थापनाको निर्णय गर्दै प्रधानमन्त्रीको निर्णय उल्टाइदियो । अप्रत्यासित प्रतिनिधिसभा बिघटन पश्चात् अन्योल बनेको नेपाली राजनीति सर्वोच्चको फैसला पश्चात पनि प्रष्ट दिशा लिन सकेको छैन । फाल्गुण २३ को सर्वोच्च अदालतको अर्को नेकपाको एकता सम्बन्धि फैसलाले ने.क.पा. एमाले र ने.क.पा. माओवादी केन्द्रलाई एकता हुनु अगाडिकै अवस्थामा फर्काइदियो । त्यस पश्चोत नेपाली राजनीति झन् अन्योलताको अवस्थामा पुगेको छ । यो लेख तयार पार्दासम्म नेपाली राजनीतिको दिशा प्रष्टन भइनसकेको अवस्थामा नै छ ।

प्रतिनिधिसभा पुनर्स्थापना पश्चोात प्रधानमन्त्री माथि नैतिकताको प्रश्न उठ्दै आएको छ । प्रधानमन्त्रीले राजीनामा दिनु पर्ने र वैकल्पिक सरकार गठन गर्न मार्ग प्रशस्त गर्नु पर्ने माग पनि उठदै आएको छ । अलमलमा रहेको प्रमुख प्रतिपक्षी दल काँग्रेस वैकल्पिक सरकसरको नेतृत्व गर्न तयार रहेको निर्णय गरेको छ । काँग्रेसले पनि प्रधानमन्त्रीको राजिनामा मागेको छ । यद्यपी यो निर्णय सभापति शेर बहादुर देउवा भन्दा रामचन्द्र पौडेल र कृष्ण प्रसाद सिटौलाको चाहनामा भएको हो , तर यो नै काँग्रेसको अधिकारीक निर्णय हो ।

प्रधानमन्त्री ओली राजीनामा दिने मनस्थितिमा छैन । कसैले माग्दैमा राजिनामा नदिने उनले जनाइ सकेका छन् । तर समर्थन फिर्ता लिएमा राजीनामा दिने पनि प्रष्ट पारेका छन् । अहिले पनि प्रधानमन्त्रीको जोड ताजा जनादेशमा जानु पर्नेमै छ । अहिलेको प्रनिधिसभाको अंक गणितले मुलुकलाइ निकास दिनै नसक्ने प्रधानमन्त्रीको भनाई छ । प्रधानमन्त्री अर्लि-इलेक्सनको प्रयासमा छ । सँगसँगै प्रतिनिधिसभाको अंक गणित आफ्नो पक्षमा पार्न जसपासँग निरन्तर संवादमा छन् ।

प्रधानमन्त्री ओली दुई तिहाइ मतका साथ प्रधानमन्त्री भएका थिए । मुलुकले स्थिर सरकार पाएकोमा जनता पनि ढुक्क थिए । एमाले र माओवादी केन्द्रले पार्टि एकता गर्न पनि सफल भयो । एकताले करिब दुई तिहाइ जनमत प्राप्त दलको रुपमा नेपाली राजनीतिमा नेकपाको उदय गरायो । दक्षिण एशियाकै ठुलो र एशियाको तेस्रो ठुलो कम्यूनिष्ट पार्टिको रुपमा नेकपाको उदय भएको थियो । करिब दुई तिहाइ जनमत प्राप्तठ दलले नेतृत्व गरेको सरकार संकटमा पर्ने कसैले सोचेका थिएन, सोच्ने कुरै भएन । नेकपामा आएको बिभाजन र अहिले एकता नै भंङ्ग भई सकेको अवस्थामा वर्तमान सरकार संकटमा परेको छ । सरकारले विश्वासको मत प्राप्त गर्न जसपालाइ सत्ता साझेदार बनाउन खोजेका छन् ।

सत्तामा रहेका एमाले र माओबादी केन्द्र सँगै मिलेर अगाडी बढन सक्ने अवस्था छैन । माओबादी केन्द्रको समर्थन बिना ओली नेतृत्वको सरकार अल्पमतमा पर्ने निश्चिअत छ । यो लेख तयार पार्दासम्म माओबादी केन्द्रले औपचारिक रुपमा समर्थन फिर्ता लिएको छैन । माओवादी केन्द्रले छिट्टै समर्थन फिर्ता लिने जानकारि मात्रै गराउँदै आएका छन् । प्रतिनिधिसभा पुनर्स्थापना भएदेखि नै वैकल्पिक सरकार गठन गर्ने प्रयासमा छ, माओवादी केन्द्र । वैकल्पिक सरकार गठन गर्न प्रयास गरे पनि वर्तमान सरकारलाइ दिएको समर्थन औपचारिक रुपमा फिर्ता लिन सकेको छैन् । समर्थन फिर्ता नलिनुलाइ अर्थपूर्ण रुपमा हेरिएको छ नेपाली राजनीतिमा । माओवादी केन्द्रले अहिलेकै अवस्थामा समर्थन झिकेमा प्रधानमन्त्रीलाई झन् सजिलो हुने माओवादी केन्द्रको बुझाइ रहेको छ । प्रधानमन्त्रीले पनि समर्थन फिर्ता लिन चुनौतीको भाषा प्रयोग गर्ने गरेका छन् । समर्थन फिर्ता लिनु अगावै वैकल्पिक सरकार गठन गर्न गठबन्धनको सुनिश्िनचितताको खोजीमा माओवादी केन्द्र रहेको छ ।

प्रधानमन्त्रीले नेतृत्व गरेको एमालेभित्र पनि ठुलै विवाद छ । खनाल-नेपाल पक्षले समानान्तर पार्टी चलाउने अभ्यासमा रहेका छन् । पार्टी र जनवर्गीय संगठनको समानान्तर कमिटी गठन गर्ने, भेला गर्ने र कार्यालय सञ्चारलन गर्ने कार्य दिन प्रतिदिन बढिरहेको छ । प्रचण्डसँग बाध्यतावश छुट्टिन पुगेका खनाल-नेपाल पक्ष ओली पक्षमा मिसिने सम्भावना कमै छ । प्रधानमन्त्रीले पनि खनाल-नेपाल पक्षलाइ विश्वायस गर्न सकिरहेका छैन। यस्तै अवस्था रहेमा खनाल -नेपाल पक्षका सांसदहरुले फ्लोर-क्रस गर्न सक्ने सम्भावना उतिकै छ । फ्लोयर क्रस भएमा प्रधानमन्त्री ओलीले प्रतिनिधिसभामा विश्वासको मत लिन सफल हुन सक्दैन ।

प्रधानमन्त्री ओली जसपाको साथ लिने प्रयासमा रहेका छन् । जसपाको सहयोग पाउन सके आफ्नो नेतृत्वमा रहेको सरकारलाई बचाउन सक्ने झिनो आश प्रधानमन्त्रीमा छ । प्रधानमन्त्री ओलीको प्रस्तावमा जसपाका महन्थ ठाकुर र राजेन्द्र महतो सकारात्मक रहेको देखिन्छ । ठाकुर र महतो ओलीसँग सहकार्य गर्न बढी झुकाव राखेका छन् । उता जसपाकै बाबुराम भट्टराई र उपेन्द्र यादव कुनै हालतमा ओलीलाइ साथ नदिने पक्षमा रहेका छन् । भट्टराई र यादव ओलीको विकल्पमा सरकार बनाउने पक्षमा छन् । जसपाको रोजाई ओली कि ओलीको विकल्प प्रष्ट भई नसकेको अवस्था छ ।

सके जसपाको साथ लिएर आफ्नै नेतृत्वको सरकारलाई निरन्तरता दिने । आफ्नो नेतृत्वको सरकारलाइ निरन्तरता दिन नसके विकल्पमा सरकार नै गठन हुन नदिने खेलमा प्रधानमन्त्री ओली रहेका छन् । ओली नेतृत्वको सरकारले निरन्तरता पाउन नसकेमा, अर्को सरकारको गठन गर्ने प्रकृया आरम्भ हुन्छ । अर्को सरकार गठन नभएमा मुलुक अर्लिइलेक्सनमा जान बाध्य हुन्छ । जसरी पनि मुलुकलाइ अर्लिइलेक्सनमा लान सके आफ्नो जित हुने सोचाई प्रधानमन्त्रीमा छ । मध्याबधि निर्वाचनमा जाने घोषणा गरेका प्रधनमन्त्री सम्मानित सर्वोच्च अदालतको फैसलाका कारण मात्र पछडि हटन बाध्य भएका छन ।अहिले पनि प्रधानमन्त्रीको ध्यान अर्लिइलेक्सनमै छ । अर्लिइलेक्सनमा मुलुक गएमा आफुले गरेको प्रतिनिधिसभा बिघटन सही निर्णय थियो भने प्रमाणित हुने प्रधानमन्त्रीको सोच छ ।

माओवादी केन्द्रले हतारमा समर्थन फिर्ता लिएमा प्रधानमन्त्रीलाई झन् फाइदा पुग्ने देखिन्छ । समर्थन फिर्ता हुन साथ प्रधानमन्त्रीले विश्वामसको मत लिने प्रकृया आरम्भ हुन्छ । अहिलेकै अवस्थामा प्रधानमन्त्रीले विश्वापसको मत लिन सक्ने सम्भावना कमै छ । प्रधानमन्त्री ओलीको विकल्पमा सरकार गठन हुन सक्ने गठबन्धन पनि तयार भैसकेको छैन । यस्तो अन्योलको अवस्थामा संसदीय प्रकृया आरम्भ भएमा मुलुकलाई सजिलै अर्लि-इलेक्सनमा लान सकिन्छ । यस बारेमा प्रधानमन्त्री ओली र प्रचण्ड राम्रो जानकार रहेका छन् ।

मुलुकलाइ अर्लि-इलेक्सनमा लाने कि वर्तमान प्रतिनिधिसभालाइ पुरा अवधि कायम राख्ने ? बल जसपाको कोर्टमा रहेको छ । ओली सरकारले निरन्तरता पाउन जसपाले ओलीलाइ समर्थन गर्नै पर्ने हुन्छ । साथै एमालेका खनाल-माधव पक्षका सांसदहरुको साथ पनि ओलीले पाउनु पर्ने हुन्छ । यी दुईमध्ये कसैले सहयोग नगरेको खण्डमा ओलीले विश्वासको मत प्राप्त गर्न सक्दैन ।

प्रधानमन्त्री ओलीको विकल्पमा सरकार गठन गर्न पनि जसपाकै सहयोग मुख्य रुपमा आवश्यक पर्छ । जसपाको सहयोगबिना माओवादी केन्द्र र काँग्रेसले मात्र आवश्यक बहुमत पुर्याकउन सक्ने अवस्थामा छैन । जसपाले साथ नदिएको खण्डमा, माओवादी केन्द्र र काँग्रेसको गठबन्धनलाइ साथ दिन खनाल-नेपाल पक्ष नै एमाले फुटाएर आउनु पर्ने हुन्छ । नभए काँग्रेसको नेतृत्वमा सरकार गठन हुन सक्दैन । जुन तत्कालै सम्भव छैन । यसरी वैकल्पिक सरकार गठन हुन जसपा र माओबादी केन्द्र दुबैले काँग्रेसलाई साथ दिनै पर्ने हुन्छ ।

वर्तमान अवस्था र प्रतिनिधिसभाको अंकगणित अनुसार निर्णायक भूमिकामा जसपा रहेको छ । जसपाको सहयोग बेगर प्रतिनिधिसभाले निकास दिन सक्ने अवस्था छैन । प्रतिनिधिसभाले जे निर्णय गर्दा पनि जसपाको चाहना विपरित हुन सक्दैन । निर्णयक जसपा भए पनि जसपा आफै बिभाजित रहेको छ । जसपाभित्र पनि एकमत छैन । अहिले प्रतिनिधिसभाको हालो जसपाको निर्णयको लागि अड्केको छ । आफ्ना राजनीतिक मागहरुको बार्गेनिङ्गमा रकेको जसपाले मुलुकलाई राजनीतिक निकास दिन एउटा निर्णयमा पुग्न अति जरुरी छ । त्यो पनि सकेसम्म छिटोभन्दा छिटो । चाहे निर्णय जे होस् ।

संसदीय प्रकृयामा निर्णयको अधार नै संसदमा कायम रहेको अंक गणित हुन्छ । अंक गणित नपुर्‍याइ कुनै निर्णय लिना सकिदैन । अहिलेको प्रतिनिधिसभाको अंक गिणत यस प्रकारको रहेको छ । एमालेको १२१, कांग्रेसको ६३, माओवादी केन्द्रको ५३, जसपाको ३४ र स्वतन्त्र ४ गरी जम्मा प्रतिनिधिसभाको सदस्यको संख्य २७५ रहेको छ । हाल कायम रहेको संख्यामा केहि फरक पर्न सक्छ ।

lkskeshariaaryan@gmail.com

# मुद्दा र बन्दीको विवरण जसपाले सरकारलाई पठाओ



काठमाडौं । जनता समाजवादी पार्टी (जसपा)ले मधेश आन्दोलनका क्रममा जिल्ला अदालतमा दर्ता गरिएका मुद्दा र बन्दीको विवरण गृह मन्त्रालय पठाएको छ । सत्ता समीकरणका लागि जसपाले मधेश आन्दोलनका क्रममा लगाइएका झुटा मुद्दा खारेज हुनुपर्ने, बन्दीको रिहाइ हुनुपर्ने, घाइतेको उपचार हुनुपर्ने संविधान संशोधन हुनुपर्ने र मधेश थारुहट आन्दोलनका क्रममा भएका घटनाबारे छानबिन गर्न बनेको लाल आयोगको प्रतिवेदन सार्वजनिक गर्नुपर्ने माग सरकारसमक्ष राखेको थियो । सोहि माग पूरा गर्न सरकारले बन्दी रिहाइ प्रक्रिया अघि बढाएसँगै जसपाले मुद्दा र बन्दीको विवरण गृह मन्त्रालय पठाउन शुरु गरेको हो ।

जसपाले राखेका माग पूरा गर्न सरकारले बन्दी रिहाइ प्रक्रियासम्बन्धी कार्यविधिसमेत पास गरेको छ । सोहि कार्यविधि अनुसार सरकारले जसपालाई मुद्दा र बन्दीको विवरण निकाल्न फाराम भर्न लगाएको थियो ।

# उपेन्द्र यादवमा राजनीतिक नैतिकता र इमान्दारिता छैन



## भरत विमल यादव

### वरिष्ठ लोकतन्त्रवादी नेता

**० नेपालमा लोकतन्त्र पुनर्बहालीका लागि तपाइँ निःस्वार्थ संघर्ष गर्नुभयो, लोकतन्त्र आयो पनि । तर राजनीतिक संक्रमण बढ्दै गएको छ । यसैका लागि लोकतन्त्र आएको हो ?**

–सत्तालिप्साका लागि त लोकतन्त्र पक्कै आएको होइन । लोकतन्त्र भनेको लोकको तन्त्र अर्थात् शासन व्यवस्था हो । लोक शासन भनेको लोक कल्याणका लागि हो । जनताको कल्याणका लागि काम गर्ने शासनलाई हामीले लोकतन्त्र भन्छौं । विगतमा विभिन्न शासकहरुले जनताको पक्षमा काम गरेन, त्यसपछि हामीले लोकतन्त्रका लागि संघर्ष गऱ्यौं र फलस्वरुप राजतन्त्रलाई समाप्त पाऱ्यौं । त्यो आन्दोलनमा हामी सफलता पनि हासिल गऱ्यौं र संघीय लोकतान्त्रिक गणतन्त्र अहिलेको उपलब्धि हो । त्यसपछि जननिर्वाचित नेताहरुले जुन किसिमले सत्ता सञ्चालनमा अगाडि बढ्नुपर्दथ्यो त्यसरी नभएर व्यक्तिगत स्वार्थका लागि सत्तालिप्सामा लागे । अहिलेका नेताहरुमा व्यक्तिवादि हावी भयो । राजनीतिलाई व्यापारको रुपमा लिइयो ।

**० लोकतन्त्रका लागि संघर्ष गरेका तपाइँ जस्ता योद्धाहरुले अहिलेको राजनीतिक अवस्थालाई कसरी हेर्दै हुनुहुन्छ ?**

– अहिलेको यस्तो अवस्था आउनुको मुख्य कारण नेताहरुमा राजनीतिक इमान्दारिताको एकदमै अभाव देखियो । नेपालको राजनीतिक वृत्तमा हेर्ने हो भने राजनीतिक नैतिकता खडेरी नै परेको छ । व्यक्तिवादिता एकदम बढी हावी भएर गएको छ । हरेक पार्टीको उदाहरण लिन सकिन्छ । सबै पार्टीभित्र सत्तालिप्सा, गुटगत लाभ र व्यक्तिवादिता चरम सीमामा रहेका छन् । अहिले संघीय लोकतान्त्रिक गणतन्त्र असफलतातर्फ गइरहेको छ भन्ने किसिमका आवाजहरु पनि सुनिन्छ र देखिन्छ पनि । यसको मुख्य कारण राजनीतिक नैतिकताको अभावका कारण नै हो ।

**० नेपालमा राजनेताको खडेरी नै परेको हो त ?**

– बिल्कुल सत्य हो । हामीले गाउँघरमा भन्ने गरेका हुन्छौं कि जो मान्छे सबभन्दा बढी फटिचर हुन्छ, उसलाई हामीले नेता भनेर सम्बोधन गर्छौं । त्यस्ता नेताहरु मात्रै नेपालमा च्याउ उम्रेजस्तै उम्रियो । इतिहासमा राजनेताहरु पनि नेता थिए, तर वर्तमान परिवेशमा हामीकहाँ राजनेता त छँदैछैन । त्यसले नै अहिले हामीले नेपालको राजनीतिक दुर्गति हेरिरहेका छौं । यसको मुख्य कारण नै नेपालमा राजनेता भएन र व्यक्तिवादिता, राजनीतिलाई व्यवसायको रुपमा लिने र सोच भएका नेताहरु हावी भए ।

**० निःस्वार्थ र देशहितलाई केन्द्रमा राखेर राजनीति गर्ने तपाइँजस्ता नेताहरु राजनीतिबाट अलग्गिएर बस्दा अहिलेको यस्तो अवस्था आएको होला नि ?**

– तपाइँको प्रश्न बिल्कुलै जायज हो । म पनि एउटा साधारण मानिस हुँ, मभित्र पनि कमजोरी हुन सक्छ । मेरो विरुद्धमा आन्तरिक र बाह्य षड्यन्त्र घातप्रतिघात भयो । त्यसकारण म राजनीतिक वृत्तमा देखिएको छैन । मेरो विरुद्धमा भएका षड्यन्त्र र घात-प्रतिघातलाई जुन किसिमले न सामना गरेर अगाडि बढ्नुपर्ने थियो, त्यसमा म चुकेकै हुँ । घात-प्रतिघातको म डटेर मुकाबिला गर्न सकिनँ । घात-प्रतिघातकै फलस्वरुप राजनीतिबाट म अलिकति टाढा देखिएको हुँ । मेरो विरुद्धमा आन्तरिक र बाह्य हरेक किसिमका षड्यन्त्रहरु भए ।

**० पछिल्लो समय तपाइँ उपेन्द्र यादव नेतृत्वको पार्टीमा जानुभएको थियो, फेरि किन अहिले निष्क्रिय हुनुहुन्छ ?**

– मेरो राजनीतिक जन्म नै लोकतन्त्र र उपेक्षित मधेशी लगायतका समुदायको हकहितका लागि भएको हो । मैले राजनीतिमा लाग्नुका मुख्य यी दुई विषय नै हो । त्यही शिलशिलामा २०६२/६३ को आन्दोलनपश्चात् तत्कालीन नेपाल सद्भावना पार्टी (आनन्दीदेवी)मा मविरुद्ध षड्यन्त्र गरेर राष्ट्रिय कार्यसमितिमा अल्पमतमा पारियो । म अपहेलित महसुस गरेपछि राजीनामा दिएर राजनीतिबाट अलग भएँ । मधेश आन्दोलनपश्चात् उपेन्द्र यादव चर्चामा आएका हुन् । तत्कालीन सद्भावना पार्टी (आनन्दीदेवी)को गलत नीतिका कारण उपेन्द्र यादवको राजनीतिमा जन्म भएको थियो । उपेन्द्र यादव बाह्य आवरणमा जुन देखिन्थ्यो त्यसको भित्री रुप बिल्कुलै फरक छ । उपेन्द्रमा जुन राजनीतिक इमान्दारिता र नैतिकता हुनुपर्दथ्यो, त्यो बिल्कुलै छैन । उपेन्द्र यादवले आफ्नो पार्टीमा मलाई वरिष्ठ नेता भनेर बनाए, पछि जुन किसिमले उसको क्रियाकलाप भए त्यो राजनीतिक इमान्दारिता र नैतिकताको विरुद्ध थियो । समग्रमा भन्ने हो भने उपेन्द्र यादवमा राजनीतिक इमान्दारिता र नैतिकता नामको चीजै छैन, पटकै अभाव छ । त्यसकारणले म उपेन्द्रको पार्टीबाट पनि राजीनामा दिएर अलग भएँ । त्यसपश्चात् म स्वतन्त्ररुपमा राजनीतिक हिसावले अध्ययन गर्दैछु । दलगत राजनीतिबाट त म टाढा देखिन्छु तर राजनीतिबाट सन्यास लिएको होइन । म राजनीतिमा वैचारिक र अध्ययनको शिलशिलामा अहिले पनि सक्रिय नै छु ।

**० उपेन्द्र यादवमा राजनीतिक नैतिकता र इमान्दारिता छैन भन्नुभयो, तर उहाँलाई मधेशको मसिहा भनेर पनि चित्रण गरिन्छ नि ?**

– गुण्डाहरुका नाइकेलाई पनि उसका मान्छेहरुले मसिहा भन्छन् । भनेपछि, त्यस्तै गिरोहका मान्छेहरुले उसलाई मसिहा भनेर प्रचार गरिरहेका छन् । उसले कस्तो क्रियाकलाप गरिरहेका छन् भन्ने कुरालाई विश्लेषण गरेर हामीले भन्ने हो ।

**० अहिले प्रधानमन्त्री केपी ओलीको सरकारबाट माओवादी केन्द्रले समर्थन पनि फिर्ता लिएको छैन र समर्थन गरेको जस्तो पनि छैन । निकास के देख्नुहुन्छ ? चुनावतिरै मुलुक अगाडि बढेको हो त ?**

– कस्तो विडम्बना छ हाम्रो नेपालको राजनीतिमा । जुन प्रतिपक्षीहरुले केपी ओलीले असंवैधानिक काम गरे, अधिनायकवाद लाद्न खोजे, अराजनीतिक गरे, अनैतिक गरेर लगायत अनेकन आरोप लगाएर आन्दोलनसम्म पनि गरे । संसद विघटनलाई सर्वोच्च अदालतले असंवैधानिक नै ठहर गऱ्यो र पुनर्स्थापित गऱ्यो । कांग्रेस, माओवादी वा मसिहावाला भन्ने पार्टीहरु सबैले केपी ओलीको पुस ५ को कदमलाई असंवैधानिक भनेका थिए । अहिले माओवादीले यो सरकारबाट किन समर्थन फिर्ता नलिएको होला ? हिजो जसलाई तपाइँले अनैतिक, अलोकतान्त्रिक, असंवैधानिक र प्रतिगमनकारी भन्नुभयो त्यही सरकारलाई समर्थन गरिरहने हो भने तपाइँमाथि नैतिकताको प्रश्न उठ्दैन ? यो प्रश्न प्रमुख प्रतिपक्षी कांग्रेस र जसपामाथि पनि उठ्छ । जसपाभित्र हेर्नुस् कस्तो तमासा भइरहेको छ । पार्टी एक भएपनि व्यवहारतः छुट्टाछुट्टै देखिन्छ । महन्थ ठाकुर र राजेन्द्र महतो आफ्नै तालमा छन् भने उपेन्द्र यादव र बाबुराम भट्टराई आफ्नै डफली बजाइरहेका छन् । एउटा गुटको डफली एकातिर छ भने अर्कोको डफली उतातिर छ । तपाइँले कसैले एउटा औंला देखाउनुहुन्छ भने चार वटा औंला तपाइँतिर नै तेर्सिन्छ नि । अरुलाई अनैतिक भन्नेले आफ्नो पनि नैतिकता देखाउनु पर्दैन ? त्यसैले यो हाम्रो देशको राजनीतिक विडम्बना हो । अब नेपालको राजनीति कता जान्छ भन्ने सन्दर्भमा प्रमुख चार वटा राजनीतिक दल एमाले, कांग्रेस, माओवादी केन्द्र र जसपाको नैतिकताको कोर्सले निर्धारण गर्ने हो । माओवादी केन्द्रले समर्थन फिर्ता लियो भने राजनीतिक कोर्ष एक किसिमले अगाडि बढ्छ । होइन भने केपी ओलीको सरकार एक किसिमले अगाडि बढ्दै आएको छ र बढिरहेन्छ । संविधानले देखाएको बाटो, राजनीतिक इमान्दारिता, नैतिकतालाई निर्वाह गर्ने हरेक पार्टीको दायित्व हो । जुन अहिले देखा परिरहेको छैन । त्यसैले यी पार्टीहरुले कुन किसिमले राजनीतिक इमान्दारिता देखाउँछ, त्यसले भविष्यको राजनीतिक धार निर्धारण गर्छ ।

**० अहिलेको राजनीतिक संक्रमणमा जनता समाजवादी पार्टी नेपालको भूमिकालाई महत्वका साथ हेरिँदैछ । जसपाको भूमिकालाई कसरी हेर्दै हुनुहुन्छ ?**

– सूक्ष्मरुपमा हामीले विश्लेषण गर्ने हो भने जसपा एक पार्टी बनेकै होइन । बाध्यतावश राजपा र समाजवादी पार्टीबीच एकीकरण भएको हो । अहिले पनि एक पार्टीमा दुई पार्टी छन् । महन्थ ठाकुर र राजेन्द्र महतो एउटा पार्टी छ भने बाबुराम भट्टराई र उपेन्द्र यादवको अर्को पार्टी छ । बाबुरामको विचार हो कि प्रमुख प्रतिपक्षी कांग्रेससँग मिलेर यो सरकारलाई अपदस्थ गर्ने । केपी ओलीको असंवैधानिक संसद विघटनलाई मध्यनजर गर्दै हेर्ने हो भने बाबुरामको विचार ठिकै हो । तर महन्थ ठाकुर र राजेन्द्र महतोको जुन लाइन हो त्यो अलि भ्रमात्मक देखिन्छ । हिजो केपी ओलीको कदमलाई असंवैधानिक भनेर आन्दोलन गर्ने, अहिले केपी ओलीसँग साँठगाँठ बढाइरहेका छन् । अझ त्यागी, तपस्वी र सन्त नेता भनिएका महन्थ ठाकुरलाई लोभ लागेको छ कि कसरी प्रधानमन्त्री भइहालुँ । हुन नहुने आफ्नो ठाउँमा त छँदैछ । त्यो लोभमा महन्थ ठाकुर पनि अगाडि बढिरहेका छन् । पार्टीहरुभित्रको व्यक्तिवादिता सोचबाट जसपा पनि अलग छैन । पूर्वराजपा र पूर्वसमाजवादीबीच भावनात्मकरुपमा एकीकरण भएकै छैन, बाध्यात्मक रुपमा मात्र एक भएको हो ।

**० भनेपछि, जसपाभित्र अहिले पनि वैचारिक र सैद्धान्तिक धार फरक-फरक छ ?**

– बिल्कुल । जसपाभित्र वैचारिक र सैद्धान्तिकरुपमै मतभिन्नता देखिएका छन् । महन्थ ठाकुर र राजेन्द्र महतोले आफ्नो हिसावले अभिव्यक्ति र क्रियाकलाप गरिरहेका छन् भने बाबुराम भट्टराई र उपेन्द्र यादवको अफ्नै लाइन छ । अहिलेको अवस्थालाई हेर्दा जसपा पनि विभाजित भएर दुवै आआफ्नै बाटो लाग्छन् जस्तो देखिएको छ । यदि प्रधानमन्त्रीले आफै विश्वासको मतका लागि संसदमा गयो वा प्रतिपक्षीले अविश्वासको प्रस्ताव दर्ता गराएमा जसपा दुई पार्टीमा विभक्त हुने पक्कापक्की जस्तो छ ।

**० माओवादीले यदि समर्थन फिर्ता लियो भने जसपा फुट्छ त ?**

– माओवादीले यदि समर्थन फिर्ता लियो भने प्रधानमन्त्री बाध्य भएर संसदको सामना गर्नैपर्छ, संवैधानिक बाध्यता पनि हो । त्यो अवस्थामा केपी ओलीको प्रमुख टारगेट महन्थ ठाकुर हो । उनले महन्थ ठाकुरलाई लोभलालच देखाएर जसपाको समर्थन लिन खोज्छ । ओलीलाई समर्थन गर्ने मनस्थितिमा महन्थ ठाकुर र राजेन्द्र महतो देखिन्छ । त्यो अवस्थामा उपेन्द्र यादव र बाबुराम भट्टराई केपी ओलीलाई कुनै पनि हालतमा समर्थन गर्ने पक्षमा देखिँदैन । यसको प्रमुख कारण केपी ओलीले जुन किसिमले उपेन्द्रलाई औकात देखाइदिए, त्यो आफ्नो घृणित भावनालाई उपेन्द्रले व्यक्त गर्छ । त्यस्तै किसिमको भावना डा.बाबुराम भट्टराईमा छ । त्यसैले, बाबुराम र उपेन्द्रले केपी ओलीलाई कुनै पनि हालतमा समर्थन गर्दैन । यही कारणले जसपा फुटेर जान्छ ।

**० केपी ओलीले यदि जसपाका मागहरु पूरा गऱ्यो जसपाले किन समर्थन नगर्ने भन्ने तर्क महन्थ-राजेन्द्रको छ नि ?**

– मधेशका सोझासाझा जनतालाई अल्मलाएर आफ्नो स्वार्थ कसरी पूरा गर्न सकिन्छ भन्ने सोच हावी भएको छ । मलाई सम्झना छ कि सद्भावना पार्टी भएको बेलामा केही नेताले भन्ने गर्थे कि हामो लागि कांग्रेस पनि सर्पनाथ र राजा पनि नागनाथ हो । जस्तो राजा त्यस्तै कांग्रेस-एमाले जस्ता कुरा उठाउँथे । यही घटिया सोच हो । यदि लोकतन्त्रवादी हो भने राजालाई कसरी समर्थन गर्छ ? त्यस्तै, अहिले यदि आफूलाई लोकतन्त्रवादी भन्नुहुन्छ भने गैरसंवैधानिक कदम चाल्ने व्यक्तिलाई कसरी समर्थन गर्न सकिन्छ । त्यसैले आफ्नो लोभका लागि जनतालाई ठग्ने प्रवृत्ति मात्रै हो ।

**० भनेपछि केपी ओलीले मधेशका माग पूरा गर्छन् भन्नु भ्रम मात्रै हो ?**

– बिल्कुल । यो सरकारको पनि एउटा संवैधानिक बाध्यता छ । जुन संविधान संशोधनको कुरा महन्थ र राजेन्द्रले गरिरहेका छन्, केपी ओली दुई तिहाइको सरकारको नेतृत्व गरिरहँदा ठेंगा देखाइदिए । अहिले केपी आफैलाई सरकार टिकाउन धौ-धौ परिरहेको बेला संविधान संशोधन कसरी गरिदिन्छ ? जहाँसम्म रेशमलाई रिहाइ तथा मुद्दाहरु फिर्ताका विषयमा यिनीहरुलाई अलमलाएर राख्छन् । रेशम चौधरीको रिहाइको सवालमा पनि कुनै कानूनी अड्चन देखाएर अलमलाइदिन्छ । त्यसैले केपी ओलीले अलमलाउने काम मात्र गर्छन्, उसले मधेशका एउटा पनि जायज मागलाई सम्बोधन गर्दैन ।

**० यसको निकास के देख्नुहुन्छ ?**

– राजनीतिक कोर्सलाई सही ढंगले अगाडि बढाउनका लागि संविधानअनुसार राजनीतिक नैतिकताको परिपालन गर्नुपर्छ । यदि प्रधानमन्त्रीले पनि आफूलाई म गैरसंवैधानिक होइन, तानाशाही होइन भन्ने प्रमाणित गर्नुछ भने उहाँले विश्वासको मत लिनुपर्छ । प्रचण्ड, शेरबहादुर देउवा लगायतले हिजो केपी ओलीलाई असंवैधानिक, अनैतिक, तानाशाह भनेर जुन आरोपहरु लगाए, त्यस्ता व्यक्तिलाई समर्थन दिइराख्नु र अविश्वासको प्रस्ताव नल्याउनु यो पनि संविधानको मर्यादा विपरीत हो । प्रधानमन्त्री यदि विश्वासको मतका लागि संसदमा आउँदैन भने प्रतिपक्षहरुले अविश्वासको प्रस्ताव संसदमा लानैपर्छ । त्यो हिसावले राजनीतिक कोर्स आफै निर्धारण हुन्छ र मुलुकले एउटा निकास पाउँछ ।

**० अविश्वासको प्रस्ताव वैकल्पिक प्रधानमन्त्रीको नाम राख्नै पर्ने संवैधानिक ब्यवस्था भएकोले कसले नेतृत्व गर्ने भन्नेमा विपक्षीहरुबीच सहमति नजुटेको हो त ?**

– यिनीहरुले आफू सत्तामा पुग्नकै लागि केपी ओलीलाई विभिन्न किसिमका आरोपहरु लगाइरहेका छन् । यदि केपी ओली असंवैधानिक नै हो भने यिनीहरुले एउटा अविश्वासको प्रस्ताव किन ल्याउन सकिरहेका छैनन् ? केपी ओली असंवैधानिक हुन् भने प्रचण्ड र देउवाहरु पनि संविधानको मर्यादाविपरीत काम गरिरहेका छन् ।

**० भनेपछि सत्ता प्राप्तिकै लागि प्रचण्डले आफ्नै करिब दुई तिहाइ बहुमतको सरकारलाई अल्पमतमा पुऱ्याए ?**

– हो, चुरो कुरो यही थियो । यिनीहरुले जसरी आफूलाई जनतासामु प्रस्तुत गरे, त्यो किसिमको क्रियाकलाप पनि देखाउनु पऱ्यो नि । सत्तामोह हामीमा थिएन, संविधानको मर्यादाका लागि हामी यसो गरेको हो यदि भन्छन् भने संविधानले देखाएको बाटोमा गएर देखाउनुपऱ्यो । प्रधानमन्त्रीले यदि संवैधानिक दायित्व पूरा गर्दैन भने त्यसको विरुद्धमा प्रतिपक्षले कदम चाल्ने दायित्व होइन ? त्यसैले प्रधानमन्त्रीले यदि विश्वासको मत लिँदैन भने प्रतिपक्षीले अविश्वासको प्रस्ताव पेश गर्नैपर्छ, परिणाम जेसुकै होस् । यदि अविश्वासको प्रस्ताव पारित भएन भने यही सरकारले निरन्तरता पाउँछ । तर यसले संविधानको परिपालना त हुन्छ नि ।

**० त्यसो हो भने सत्तापक्ष र विपक्षी सबैले संविधानको मानमर्दन गर्दैछन् ?**

– जुन किसिमको यिनीहरुको क्रियाकलापहरु भइरहेका छन्, त्यसबाट संविधानको मर्यादा परिपालना भइरहेको छैन ।

*(मधेशवाणीका लागि रामसुकुल मण्डलले गरेको कुराकानीको सम्पादित अंश)*

**➲ सबै पार्टीभित्र सत्तालिप्सा, गुटगत लाभ र व्यक्तिवादिता चरम सीमामा रहेका छन् ।**

**➲ नेपालमा राजनेता भएन र व्यक्तिवादिता, राजनीतिलाई व्यवसायको रुपमा लिने र सोच भएका नेताहरु हावी भए ।**

**➲ घात-प्रतिघातको म डटेर मुकाबिला गर्न सकिना । घात-प्रतिघातकै फलस्वरुप राजनीतिबाट म अलिकति टाढा देखिएको हुँ ।**

**➲ उपेन्द्र यादव बाह्य आवरणमा जुन देखिन्थ्यो त्यसको भित्री रुप बिल्कुलै फरक छ । उपेन्द्रमा जुन राजनीतिक इमान्दारिता र नैतिकता हुनुपर्दथ्यो, त्यो बिल्कुलै छैन ।**

**➲ अहिले माओवादीले यो सरकारबाट किन समर्थन फिर्ता नलिएको होला ? हिजो जसलाई तपाइँले अनैतिक, अलोकतान्त्रिक, असंवैधानिक र प्रतिगमनकारी भन्नुभयो त्यही सरकारलाई समर्थन गरिरहने हो भने तपाइँमाथि नैतिकताको प्रश्न उठ्दैन ?**

**➲ महन्थ ठाकुर र राजेन्द्र महतो आफ्नै तालमा छन् भने उपेन्द्र यादव र बाबुराम भट्टराई आफ्नै डफली बजाइरहेका छन् ।**

**➲ जुन किसिमले उपेन्द्रलाई औकात देखाइदिए, त्यो आफ्नो घृणित भावनालाई उपेन्द्रले व्यक्त गर्छ । त्यस्तै किसिमको भावना डा.बाबुराम भट्टराईमा छ ।**

**➲ राजनीतिक कोर्सलाई सही ढंगले अगाडि बढाउनका लागि संविधानअनुसार राजनीतिक नैतिकताको परिपालन गर्नुपर्छ ।**

# 'जनता राज' ल्याउने जनमत पार्टीको पहिलो अवधारणा



ई.बसन्त कुशवाहा

जनमत पार्टीको प्रथम ऐतिहासिक महाधिवेशन एक दिवसीय मात्रै गर्ने योजनामा छौं । महाधिवेशनमा ५ हजार दुई सय प्रतिनिधिहरु सहभागि हुँदैछन् । यसबाहेक मधेशका हरेक जिल्लाबाट करिब २५ हजारसम्म युवा जनमत संघका स्वयम्सेवकहरु आउनेछन् । सबैको व्यवस्थापनमा हामी लागेका छौं । समग्रमा भन्नुपर्दा हाम्रो महाधिवेशनको सम्पूर्ण तयारी करिब-करिब पूरा भइसकेको छ ।

दुई वा तीन दिन महाधिवेशनलाई लम्ब्याउँदा बढी खर्च हुने भएको हुनाले हामी एक दिनमै सम्पन्न गर्ने योजनामा छौं । हामीले समय तालिकाअनुसार काम गर्ने हो । ठिक १० बजे बिहान हाम्रो महाधिवेशन सुरु हुनेछ । १२ बजेसम्म हाम्रो खुल्ला सत्र हुनेछ । त्यो अवधिमा महाधिवेशनमा आएका अतिथिहरुले आफ्नो शुभकामना मन्तव्य दिनुहुन्छ । त्यसपछि १२ बजेदेखि २ बजेसम्म स्वयम्सेवक साथीहरुलाई प्रशिक्षण दिने कार्यक्रम छ । २ बजेदेखि ३ बजेसम्म ब्रेक हुनेछ । त्यसपछि ३ बजेदेखि बेलुकी ७ बजेसम्म हाम्रो बन्द सत्रको कार्यक्रम सुरु हुनेछ । यसरी नै हामीले व्यवस्थित तरिकाले महाधिवेशन सम्पन्न गर्ने योजना बनाएका छौं ।

हामीले कोरोनाबाट बच्नका लागि पूर्णरुपमा सुरक्षा मापदण्ड अपनाइ महाधिवेशन सम्पन्न गर्नेछौं । त्यसका लागि हामीले जनकपुरधामको बाह्रबिघामा महाधिवेशन सम्पन्न गर्ने र सुरक्षाका हरेक मापदण्ड अपनाउने तयारी गरिरहेका छौं । मञ्चमा पनि हाम्रा अतिथिहरु बस्दा सामाजिक दूरी कायम गर्दै बस्ने व्यवस्था मिलाउँदैछौं । ठूलो मञ्च बनाएका छौं । ठूलो पण्डाल लगाएका छौं । मास्क र सेनिटाइजरको पनि व्यवस्था गरेका छौं । त्यसैले हामीले कोरोनालाई मध्यनजर गर्दै सुरक्षाका सम्पूर्ण मापदण्ड अपनाउँछौं ।

हाम्रा सबै नेताहरु एकै ठाउँमा भेला भएका थिएनौं । सबैलाई एकै ठाउँमा ल्याएर परिचय गराउने हाम्रो एउटा मूल उद्देश्य हो । पार्टी गठन भएपछि हाम्रा नेता कार्यकर्ताहरु सबै एकै ठाउँमा अहिलेसम्म भेला भएका थिएनन् । यसअघि हाम्रा समितिहरु तदर्थ मात्रै थिए । हाम्रो लगभग ६० प्रतिशत जिल्ला तथा वडा अधिवेशनहरु सम्पन्न भइसकेको छ, ती सबैलाई वैधानिकता दिने कार्यक्रम पनि छ । विधानमा पनि हामीले अलिकति परिवर्तन गर्ने तयारी गरेका छौं । हामीले निर्वाचन लक्षित कार्यक्रमहरु पनि सुरु गरेका थियौं । त्यसका लागि पनि हाम्रो तालिमका सेसनहरु हुनेछन् ।

जनमत पार्टी भनेको जनताको बीचबाट जन्मिएको र लोकतान्त्रिक मूल्यमान्यतालाई आत्मसात गर्दै आफ्नो पहिलो ऐतिहासिक महाधिवेशन सम्पन्न गर्न लागेको छ । तत्कालीन मधेशकेन्द्रित दलहरुले आफ्नो महाधिवेशन गर्न सकिरहेका थिएनन् । ती पार्टीहरुमा अहिले पनि टीका लगाएर मनोनयन गर्ने प्रचलन अहिले पनि जारी नै छ । तर जनमत पार्टी आफ्नो गठनको दुई वर्षकै अवधिमा यत्रो भव्यताका साथ महाधिवेशन गर्न लागेको छ । हामीले यो महाधिवेशनमा प्रत्येक वडाका कम्तीमा २५-३० जना युवाहरुलाई तालिम दिने छौं । हाम्रो समाजमा आइपर्ने आपतकालीन अवस्थामा कसरी जनतालाई जोगाउने, सुरक्षा दिने, राहत दिने लगायतका सहयोग दिनसक्ने विषयमा पनि हामीले तालिम दिने छौं । जुन हाम्रो समाजका लागि पूरै खुशीको कुरा हुनसक्छ ।

यहाँ कस्तो देखियो भने अनपढहरुले पढे-लेखेकाहरुमाथि शासन गरिरहेका छन् । स्थानीय तहमा हेर्दा कतिपय एसएलसी पनि पास नगरेका मेयर वा जनप्रतिनिधिहरुले मास्टर्स गरेका इन्जिनियरहरु माथि शासन गरिरहेका छन् । जुन काम नियम कानूनले मिल्दैन, प्राविधिकरुपमा हुन नसक्ने कामहरु पनि अहिले जनप्रतिनिधिहरुले दबाब दिएर इन्जिनियरहरुलाई काम गर्न बाध्य बनाउँछन् । त्यही कारणले अब डाक्टर, इन्जिनियर साथीहरु जागरुक भएर यो पार्टीमा लागिरहेका छन् । जनमत पार्टीमा डाक्टर, इन्जिनियरहरु मात्रै हैन, सबै किसिमका व्यवसाय गर्ने साथीहरु पनि आबद्ध हुँदैछन् । पढेलेख्काले गर्ने काम र अनपढले गर्ने काममा धेरै भिन्नता हुन्छ । अहिलेसम्म किन विकास भइरहेको छैन भन्ने कुराले यसले प्रष्टयाउँछ । विश्वमा कसरी उद्योग धन्दाहरु स्थापना भइरहेको छ, कृषिको आधुनिकीकरण कसरी भएको छ लगायतका कुराहरु विदेशमा गएर पढेलेखेका वा काम गरेका साथीहरुसँग बढी अनुभव हुन्छ । उहाँहरु नै विदेशबाट आएर यो पार्टीमा लागेपछि आउने दिनमा गर्ने काम, आधुनिकीकरण, औद्योगीकरण, योजनाहरु अवश्य पनि लागू हुनेछ । अहिले भइरहेको विकास निर्माणको तुलनामा अझै पनि एडभान्स तरिकाले गर्नुहुन्छ भन्ने हिसावले नै जनमत पार्टीमा त्यस्ता पढेलेखेका साथीहरु आबद्ध भइरहेका छन् ।

मैले सातवटा देशहरु पोर्चुगल, स्पेन, साउदी अरेबिया, कतार र दुबई लगायतमा काम गरेको छु । अबको दिनमा स्वदेशमै बसेर मधेशकै साथीहरुसँग बसेर यहाँको विकासका लागि लाग्ने योजनाका साथ नै आएको हुँ । विदेशको बसाइको क्रममा मैले अध्ययन गरिरहेको थिएँ कि यहाँ कसरी विकासहरु भइरहेको छ । दुबईको नै उदाहरण हेर्ने हो भने आजभन्दा ४२ वर्ष अगाडि त्यहाँ केही पनि थिएन, बालुवा नै बालुवा थियो । त्यो ठाउँ आज विश्वकै सबभन्दा मोडल सिटीको रुपमा विकास भएको छ । त्यहाँका विकास निर्माणहरुको अनुभव लिएर नै म यहाँ आएको छु । मधेश र यो देशलाई पनि दुबई जस्तै बनाउन सकिने योजनाहरु हामीसँग छ । अब निरन्तर मेरो यही बास हुन्छ र मधेश विकासकै लागि काम गर्नेछु ।

**विदेशको बसाइको क्रममा मैले अध्ययन गरिरहेको थिएँ कि यहाँ कसरी विकासहरु भइरहेको छ । दुबईको नै उदाहरण हेर्ने हो भने आजभन्दा ४२ वर्ष अगाडि त्यहाँ केही पनि थिएन, बालुवा नै बालुवा थियो । त्यो ठाउँ आज विश्वकै सबभन्दा मोडल सिटीको रुपमा विकास भएको छ ।**

आगामी निर्वाचनलाई मध्यनजर गर्दै हामीले मुख्यरुपमा दुईटा एजेन्डालाई अगाडि सारेका छौं । जनमत पार्टीले यदि चुनाव जित्यो भने जनता राज ल्याउने हाम्रो पहिलो अवधारणा हो । जनता राज भनेको जनताले जे चाहन्छ त्यही हिसावले हाम्रो अवधारणा बन्छ र लागू गर्नेछौं । दोस्रोमा हामीले १० लाख युवालाई रोजगारीको सुनिश्चितता गर्ने अवधारणा पनि ल्याएका छौं । जसमा मधेशको हरेक घरमा एउटा रोजगारी सिर्जना गर्ने हिसावले हाम्रो कार्यक्रमहरु छन् । विदेशमा हाम्रो करिब दुई लाखभन्दा बढी मधेशी साथीहरु हाम्रा सदस्यहरु छन् । जबकि मधेशबाट करिब सात लाख मधेशी विदेशको भूमिमा रोजगारीका लागि गएका छन् । यदि हाम्रो योजनाअनुसार काम गर्न सक्यौं भने सबैका लागि यही नै रोजगारीको सिर्जना गर्छौं । कुनै ठाउँमा विकास गर्नका लागि त्यहाँ भएका स्रोत साधनहरुलाई नै हामीले उपयोग गर्न सक्यौं भने ठूलो सम्भावना हुन्छ । मधेशमा भएको सबभन्दा ठूलो स्रोत भनेको उर्बर भूमि हो र त्यसपछि यहाँका जनशक्ति हो । यो उर्बर भूमि र जनशक्तिमा प्रविधि मात्र प्रयोग गरियो भने ३०-४० लाख व्यक्तिलाई हामीले यही रोजगार दिन सक्छौं । उदाहरणका लागि हामीले दुबईलाई हेर्न सक्छौं । त्यहाँको जम्मा जनसंख्या भनेको ९६ लाख मात्र छ । त्यसमा १८ लाख मात्रै त्यहाँका स्थानीय बासिन्दा छन् । त्यसबाहेक सबै बाहिर आएर त्यहाँ काम गरिरहेका छन् । जबकि हाम्रो यहाँ सबै थोक हुँदाहुँदै पनि बेरोजगारीको अवस्था छ । त्यसलाई हामीले परिवर्तन गर्दै यही नै रोजगारीको सिर्जना गर्ने हाम्रो लक्ष्य हो ।

*(जनमत पार्टीका केन्द्रीय सदस्य कुशवाहा गैरआवासीय मधेशी संघका अध्यक्ष हुन् ।)*

# उपभोक्ता ठग्ने बारा र पर्साका तीन व्यवसायिक फर्मविरुद्ध मुद्दा दायर

पर्सा । गुणस्तर तथा नापतौल कार्यालय वीरगञ्जले बारा र पर्साका तीन व्यापारिक फर्मविरुद्ध नापतौल कसुर सम्बन्धी मुद्दा दायर गरेको छ । कार्यालयले राजश्व चुहावट गरेको, कम तौल तथा अनुमतिभन्दा बढी नापतौल यन्त्र प्रयोग गरेकाले बारा र पर्साका तीन फर्मविरुद्धनापतौल कसुर सम्बन्धी मुद्दा दायर गरेको हो । मुद्दा दायर भएका व्यापारिक फर्ममा पर्साका जगदम्बा डिस्टिब्युटर प्रालि, बाराका हरिओम आयल स्टोर र हुलास स्टिल इन्डष्ट्रिज रहेका छन् ।

मुद्दा दायर गरिएका फर्ममध्ये जगदम्बा डिस्टिब्युटर प्रालिले राजश्व चुहावट गरेको, हरिओम आयाल स्टोरले उपभोक्तालाई घटी तेल बिक्री गरेको र हुलास स्टिलले अनुमतिपत्र भन्दा बढी नापतौल यन्त्र प्रयोग गरेकाले उनीहरूलाई बारा र पर्सा जिल्ला अदालतमा हदैसम्मको सजायको माग गर्दै मुद्दा दायर गरिएको कार्यालयका प्रमुख शशीभुषण यादवले जानकारी दिए ।

उपभोक्ता ठग्ने ती व्यापारिक फर्मलाई स्टेण्डर नापतौल ऐन-२०५५ को दफा ३० ९२० अन्तर्गत कारवाही प्रक्रिया अघि बढाइएको छ । जसअन्तर्गत एक वर्ष कैद र रु १० हजार जरिवाना गरी कारवाही गर्नुपर्ने माग दाबीसहित मुद्दा दायर गरेको सो कार्यालयले जनाएको छ ।

कार्यालयले चालू आर्थिक वर्षको हालसम्ममा १२६ व्यापारिक फर्ममा अनुगमन गरेको छ। सो कार्यालयले वीरगञ्जको मीना बजार र घण्टाघरको उत्तर तर्फ रहेको तरकारी बजारका व्यापारी उपभोक्ता ठग्ने व्यापक गुनासो आएकाले अन्य निकायसँग समन्वय गरी अनुगमन गर्ने बताइएको छ ।

व्यापारीले प्रयोग गर्ने ढक, तराजु, लिटर, कपडा नाप्ने मिटर, काँटा, धर्म काँटा, पेट्रोलियम पदार्थ, सुनचाँदी तौलने तराजुको नवीकरणसमेत नगरेकाले लाखौं रुपैयाँ राजश्व छलि हुँदै आएको छ ।

व्यापारीले सीमावर्ती भारतीय बजार रक्सौल, बेतीया, सिकटालगायत भारतीय बजारबाट विद्युतीय तराजु किनेर ल्याउने गरेको र कार्यालयमा दर्ता नै नगरी प्रयोग गर्ने गरेको व्यापक गुनासो आउन थालेकाले स्थानीय प्रहरी, सम्बन्धित निकायसँग समन्वय गरी वीरगञ्ज बजारमा रहेको व्यापारिक पसलमा चाँडै नै अनुगमन गर्ने कार्यालयले जनाएको छ ।

वीरगञ्जका मीनाबजार, आदर्शनगरलगायत ठाउँमा विगत लामो समयदेखि अनुगमन हुन नसक्दा उपभोक्ता ठगिदै आएको उपभोक्ता सञ्जयकुमार प्रजापतिको आरोप रहेको छ । तर कार्यालयले ती बजारमा अनुगमन गर्दा व्यापारीले अवरोध गर्ने गरेकाले त्यहाँ अनुगमन हुन नसकेको तर्क अघि सारेको छ ।

## मधेश अपडेट

### प्रदेश २ मा नाट्टा गठन

जनकपुर । प्रदेश २ मा नेपाल एशोसिएसन अफ टुर एण्ड ट्राभल एजेन्ट (नाट्टा) को गठन भएको छ । होटल तथा पर्यटन व्यवसायी संघ, प्रदेश २ का संयोजकसमेत रहेका व्यवसायी मोहन शर्मा लामिछानेको अध्यक्षतामा नाट्टा गठन भएको हो । बर्दिबासमा एक कार्यक्रमकाबीच ९ सदस्यीय प्रदेश नाट्टा कार्यसमिति गठन भएको छ । समितिको बरिष्ठ उपाध्यक्षमा बिनोद चौधरी, उपाध्यक्षमा मो.हैदर अली, महासचिवमा सुदर्शन काफ्ले, सचिवमा शिवम साह, कोषाध्यक्षमा संजय गाडिया चयन भएका छन् । यस्तै सदस्यहरुमा सिदार्थ लामा, दिनेश कुमार सिंह र संजय अग्रवाल निर्विरोध चयन भएका छन् । बर्दिबास नगरपालिका प्रमुख बिदुर कार्कीको प्रमुख आतिथ्यमा सम्पन्न कार्यसमिति गठनमा नाट्टाका केन्द्रीय अध्यक्ष अच्युत गुरागाईं एवं केन्द्र का पदाधिकारी, नाट्टा प्रदेश १ का अध्यक्ष, गण्डकी प्रदेशका अध्यक्ष एवं पदाधिकारी लगायत नेपाल होटल तथा पर्यटन व्यवसायी संघ प्रदेश २ का अध्यक्ष हिरा गौतम, चुरे संरक्षणका संयोजक युवराज लामा ,नाथम प्रदेश २ प्रमुख शिवेन्द मल्लिकको समेत उपस्थिति रहेको थियो ।

### पर्सामा अनुप तिवारी विजयी

वीरगञ्ज । नेपाल पत्रकार महासंघ पर्सा शाखाको नयाँ कार्यसमितिका लागि भएको निर्वाचनमा अध्यक्षसहित अधिकांश पदमा प्रेस चौतारीका उम्मेदवार विजयी भएका छन् । प्रेस युनियन, प्रेस संगठन, मधेसी पत्रकार समाज र प्रेस मञ्चको गठबन्धनबाट कार्यसमितिका २ जना सदस्य मात्र विजयी भएका छन् । अध्यक्षमा चौतारी प्यानलका अनुप तिवारी, उपाध्यक्षमा युवराज खड्का, महिला उपाध्यक्षमा सुष्मा शर्मा र सचिवमा भूषण यादव, सहसचिवमा जियालाल साह, सहसचिव समावेशीतर्फ जीतेन्द्र साह, कोषाध्यक्षमा सञ्जीवकुमार मिश्र विजयी भएका छन् । कार्यसमिति सदस्यमा मधेसीतर्फ तिवारी यादव, महिला सदस्यमा कविता खड्का, आदिवासी जनजाति सदस्यमा रश्मी राजभण्डारी, अन्य समावेशी सदस्यमा नेहाल खान र अमित अग्रवाल विजयी भएका निर्वाचन समितिले जनाएको छ । खुला सदस्यहरूमा अजय चौरसिया, नरेश सर्राफ, धर्मेन्द्र चौरसिया, पुष्पराज तिमिल्सिना, सफल खतिवडा र श्याम कुशवाह विजयी भए । सदस्यमा विजयी अमित, अजय र नरेश तीन जनामात्रै प्रेस युनियन गठबन्धनका उम्मेदवार हुन् । यसअघि दलित सदस्यतर्फ चौतारी प्यानलकै सुवास राम निर्विरोध निर्वाचित भएका थिए ।

### ज्वाला सिंहको नाममा चन्दा माग्ने चार पक्राउ

बाँके । ज्वाला सिंहको नाममा चन्दा रकम माग गरेको अभियोगमा ४ जनालाई नेपालगंज उपमहानगरपालिका-२२ पुरैनीबाट प्रहरीले पक्राउ गरेको छ । शनिबार साँझ पक्राउ पर्नेहरूमा राप्तीसोनारी गाउँपालिका-४ सूर्यलालपुर बस्ने २४ वर्षीय विकास चौधरी, सोही गाउँपालिका-५ बस्ने मर्गनाथ भन्ने ४१ वर्षीय मेघनाथ चौधरी, सोही गाउँपालिका-२ बस्ने ४० वर्षीय भीम बहादुर भण्डारी र नेपालगंज उपमहानगरपालिका-३ सल्यानीबाघ बस्ने दाङ तुल्सीपुर उपमहानगरपालिका-१५ घर भएका २९ वर्षीय ज्योती प्रकाश चौधरी रहेका छन् । राप्तीसोनारी गाँउपालिका-५ जुरपानी वस्ने एक पुरुषसँग विगत १ हप्ता पहिलादेखि ज्वाला सिँह समूहको नामबाट फोन गरी २ लाख रूपैयाँ रकम चन्दा माग गरेको भन्ने सूचनाको आधारमा जिल्ला प्रहरी कार्यालय बाँकेबाट खटिएको प्रहरीले आफूलाई ज्वाला सिंह समूह बताउने उनीहरूलाई चन्दा रकम माग गर्न प्रयोग भएको सिमकार्ड र चन्दा बापतको नगद १० हजार रुपैयाँ सहित पक्राउ गरेको हो । यस सम्बन्धमा प्रहरीबाट आवश्यक अनुसन्धान भईरहेको जिल्ला प्रहरी कार्यालय बाँकेले जनाएको छ ।

### कमाण्डो तालिमको दिक्षान्त समारोह सम्पन्न

नवलपरासी (पश्चिम) । नेपाल प्रहरी युक्ति तालिम महाविद्यालय जर्गाह नवलपरासी (पश्चिम) मा संचालित छैटौं समूहको प्रहरी विशेष कला तथा कारवाही (कमाण्डो) तालिमको दिक्षान्त समारोह प्रहरी महानिरीक्षक शैलेश थापा क्षेत्रीको प्रमुख आतिथ्यमा सोही महाविद्यालयमा आइतबार सम्पन्न भएको छ । समारोहमा प्रहरी महानिरीक्षक थापा क्षेत्रीले तालिममा सहभागी प्रशिक्षार्थीहरूमध्ये तालिमको विभिन्न विधामा सर्वोत्कृष्ट स्थान हाँसिल गर्ने प्रशिक्षार्थीहरूलाई पुरस्कार प्रदान गर्नुभयो । प्रहरी महानिरीक्षक थापा क्षेत्रीले सम्बोधनको क्रममा प्रशिक्षार्थीहरूलाई उच्च मनोवल र उच्च अनुशासनका साथ कार्यक्षेत्रमा नागरिक सेवालाई सर्वोपरी ठानी अदम्य साहस र उर्जाका साथ कार्यसम्पादन गर्न निर्देशन दिनुभयो । तालिममा हासिल गरेका ज्ञान, सीप, कौशललाई व्यवहारमा अक्षरस लागू गरी संगठनको छविलाई उच्च राख्न लाग्नुपर्नेमा उहाँले जोड दिनुभयो । राष्ट्रिय प्रहरी प्रशिक्षण प्रतिष्ठान महाराजगंज काठमाडौंका कार्यकारी निर्देशक प्रहरी अतिरिक्त महानिरीक्षक प्रद्युम्न कुमार कार्कीले धन्यवाद ज्ञापन गर्नुभएको उक्त समारोहमा सुनवल नगरपालिकाका प्रमुख भिम बहादुर थापा क्षेत्रीले शुभकामना मन्तव्य व्यक्त गर्नुभएको थियो । नेपाल प्रहरी युक्ति तालिम महाविद्यालय जर्गाहका प्राचार्य प्रहरी वरिष्ठ उपरीक्षक कुबेर कडायतले स्वागत मन्तव्य व्यक्त गर्दै महाविद्यालयमा संचालन हुने तालिमद्वारा उत्पादित जनशक्तिले देशमा उत्पन्न हुने सशस्त्र विद्रोह लगायत विपद्को परिस्थितिमा काम गर्न सक्ने जानकारी दिनुभयो । समारोहमा तालिम संयोजक प्रहरी उपरीक्षक वीर बहादुर ओलीले तालिम सम्बन्धी प्रतिवेदन प्रस्तुत गर्दै जम्मा ९० कार्यदिन अवधिको उक्त तालिममा प्रहरी निरीक्षक ६ जना, प्रहरी सहायक निरीक्षक १६ जना र प्रहरी जवान १ सय १६ जना गरी जम्मा १ सय ३८ जनाको सहभागिता रहेको जानकारी दिनुभयो ।

### पीसीआर मेसिन प्रयोगविहीन

बारा । बारमा पाँच महिनाअघि खरिद गरिएको पीसीआर मेसिन प्रयोगविहीन बनेको छ । कलैया उपमहानगरपालिकासहित जिल्लाका आधा दर्जन स्थानीय तहको आर्थिक लगानीमा ८५ लाखको मेसिन प्रयोगविहीन बनेको हो । मेसिन, जेनेरेटर र कम्प्युटरसहित १ करोड खर्चमा उपमहानगरपालिकाले उक्त मेसिन खरिद गरी जडान गरेको थियो । एक पटकमा ९६ जनाको कोरोना परीक्षण गर्न सक्ने क्षमताको उक्त मेसिन जडान गरिए पनि सञ्चालन नहुँदा कोठाभित्र थन्क्याइएको छ । मेसिन खरिदका लागि १२ लाख अनुदान सहयोग गरेका महागढीमाई नगरपालिकाका मेयर उपेन्द्रप्रसाद यादवले एक करोड खर्चेर मेसिन जडान भए पनि सञ्चालनमा नआउनु नागरिकको स्वास्थ्य अधिकारप्रतिको खेलबाड भएको बताए । संघीय र प्रदेश सरकारले कोराना जाँचका लागि अनुमति नदिँदा मेसिनबाट कोरोना परीक्षण गर्न नसकिएको कलैया उपमहानगरका मेयर राजेशराय यादव बताउँछन् । कोरोना जाँचका लागि राष्ट्रिय जनस्वास्थ्य प्रयोगशाला टेकुबाट सञ्चालन स्वीकृति नलिँदै मेसिन खरिद गरिएको थियो । मेसिन खरिदपछि ११ जना प्राविधिक र कर्मचारीसमेत उपमहानगरले नियुक्त गरेको थियो । मेसिन सञ्चालनका लागि जिल्ला प्रशासन कार्यालयले माथिल्लो निकायमा पत्राचार गरे पनि कुनै अनुमति नआएको कलैया उपमहानगरअन्तर्गतका जनस्वास्थ्य निरीक्षक अजय जयसवालले बताए । उनले भने, 'अहिले कोरोनाको त्रास बढेकाले मेसिन सञ्चालनमा ल्याउनु जरुरी छ ।' जिल्लामा कोराना संक्रमणबाट ३० भन्दा बढीको मृत्यु भइसकेको छ । भारतीय सीमासित जोडिएको यस क्षेत्रमा जोखिम रहे पनि मेसिन सञ्चालनका लागि जिल्ला स्वास्थ्य कार्यालय र कलैया जिल्ला अस्पतालले जिम्मेवारी नदिएको स्वास्थ्य कार्यालय प्रमुख रामनरेश यादवले बताए ।

### प्रदेश २ मा संक्रमण बढ्दै

जनकपुरधाम । प्रदेश २ मा कोरोनाका सक्रिय संक्रमितको संख्यामा वृद्धि भएको छ । केही दिन पहिलासम्म पाँच वटा जिल्लामा कोरोनाका सक्रिय संक्रमितको संख्या शून्यसम्म पुगे पनि पछिल्लो समय संक्रमितको संख्यामा वृद्धि भएको छ । हाल यस प्रदेशमा ५६ जना कोरोनाको सक्रिय संक्रमित रहेको स्वास्थ्य निर्देशनालय प्रदेश २ का निमित्त निर्देशक विजयकुमार झाले जानकारी दिए । सप्तरी, सिरहा, धनुषा, महोत्तरी र सर्लाही जिल्लामा केही दिनअघिसम्म सक्रिय संक्रमितको संख्या शून्यमा झरेको थियो । मंगलबार प्रदेश २ मा थप ७ जनामा कोरोना संक्रमण पुष्टि भएको छ । यससँगै संक्रमितको कुल संख्या १७ हजार २ सय ५७ पुगेको वरिष्ठ चिकित्सक डा. कमलेश प्रसाद यादवले जानकारी दिए। आज धनुषामा ३, पर्सामा २, बारामा १ र अन्य प्रदेशका १ जना गरी ७ जनामा कोरोना संक्रमण पुष्टि भएको छ ।

## सन्दर्भ : नेपाल इन्जिनियरीङ्ग एसोसिएसन

# पीडितका लागि वर्तमान कार्यसमितिले के गरे ?



**कौशल गोपालवंशी**

नेपाल इन्जिनियर एसोसिएसन ( एनइए) को चुनाव आयो । सबै संघसंगठनले भोट माग्न थालेका छन् । एक चोटि यी संघसंगठनले तपाईंलाई आपत परेको बेलामा कतिको साथ दिएका छन् भन्ने कुरा हेर्न जरुरी छ । तपाईंको पेशा र तपाईको ईन्जिनियरीङ समाज माथि राज्यद्वारा गरिने व्यवहारप्रति विगतको दिनमा कुन संघसंगठनले कतिको चासो लिएका छन्, एकचोटि विचार पुऱ्याउनु आवश्यक छ ।

नेपाल ईन्जिनियरीङ्ग एसोसिएसन नेपालमा भएका ईन्जिनियरहरुको एउटा छाता संगठन हो । जसलाई नेपाल सरकारले कानुनी मान्यता दिएको छ। जसको काम ईन्जिनियरीङ्ग पेशालाई मर्यादित, व्यवस्थित बनाउने हो । साथै यसको सबैभन्दा महत्त्वपूर्ण काम भनेको NEA को सदस्यता लिएको ईन्जिनियरहरुको हक अधिकारको लागि लड्नु नै ।

तर NEA ले विगतका दिनहरुमा ईन्जिनियरहरुको हक अधिकारका लागि लडेको कमै देखिन्छ । नेपाल सरकारद्वारा ईन्जिनियरीङ्ग पेशालाई गरिएको भेदभावलाई NEA ले त्यति गम्भीरतापूर्वक लिएको देखिदैन । राष्ट्रिय पुर्ननिर्माण प्राधिकरणले ईन्जिनियरस माथि गरिएको अन्यायमा NEA ले त्यति चासो लिएको थिएन । पछि चौतर्फी विरोध भएपछि बल्ल NEA ले गएर नेपाल सरकार संग पुर्ननिर्माण प्राधिकरणको प्राविधिकको मागहरु बारे छलफल गरियो । जब कि त्यो भन्दा अगाडिदेखि नै NRA का प्राविधिक हरुले सिंहदरवार घेराउ गरेर आन्दोलन थालिसकेका थिए । आफ्नो लाज पचाउनकै निम्ति NEA ले सरकारसँग प्राविधिकहरुको पक्षमा कुरा उठाउन पुग्यो । तर त्यतिबेला पनि NEA ले गरेको सम्झौतालाई NRA को प्राबिधिकले मानेन र फेरि आन्दोलनको कार्यक्रम तय गरि आन्दोलन गर्दा मात्र सरकारले उनीहरुको माग सम्बोधन गर्ने गरि सम्झौता पत्रमा उल्लेख गरियो । त्यसै गरि पुनर्निर्माणको क्रम कयौ ईन्जिनियर्समाथी हातपात भयो, कयौंलाई कुटियो तर NEA ले कहिले पनि त्यसलाई गम्भीरताको साथ लिएन न त कसैलाई न्याय दिलाएको सुनियो ।

> **विगतका दिनमा पीडित समुदायका लागि अवाज नउठाउने विभिन्न पार्टीको विचारधारासाग मेल खाने ईन्जिनियरीङ्ग प्यानललाई आफ्नो मत नदिनका लागि अनुरोध गर्दछु ।**

त्यसैगरी निजामती सेवामा आवश्यकता भन्दा कम प्राविधिक राखेको कुरा सबैलाई थाहा छ र यो कुरा पूर्व सामान्य प्रशासनमन्त्री हृदयेश त्रिपाठीले भनेका पनि छन् । निजामतीमा प्राविधिकहरूको कमी होइन तर स्थायी कर्मचारीको कमी छन् । यहाँ खाली भएकी पदको जम्मा ४०% जति मात्र विज्ञापन गराउँछन् र बाकी ६०% रिक्तपद चाहिँ आफ्ना कार्यकर्ता, नातेदारलाई करारमा राख्ने गरेको देखिन्छ । यसरी क्षमतावानलाई स्थायी सेवामा प्रवेश गर्न नदिई आफ्ना कार्यकर्ता र नातादार पाल्ने पाल्ने निजामती सेवाको विरोधमा कुन संघसंगठनले आवाज उठाएको सुन्नु भएछ ? यी कुरा सबैलाई थाहा छन् किनकि NEA को धेरै पदाधिकारीहरु निजामती सेवाको ठूला ठुला पदाधिकारीहरु हुन् । तर कसैले बोल्दैन सबै राजनीतिक पार्टीको संरक्षणमा बसेका छन् । अनि कसरी बोल्नु त सरकार र बिकृती राजनीतिकको विपक्षमा ।

त्यसैगरि जेष्ठ १५ गतेको गोरखापत्रमा निकालिएको विज्ञापनमा नेपाल सरकारले ठूलो संख्यामा आरक्षण कोटालाई हाटाएको छ । आखिर त्यो आरक्षणको त्यतिकै आएको होइन । त्यो आरक्षण कोटाका लागि कयौं जनविद्रोह भए, त्यसमा कयौको बलिदानी भयो, कयौं घाइते भए, कयौं अपाङ्ग भएपछि मात्र यो आरक्षण तत्कालीन प्रधानमन्त्री गिरिजाप्रसाद कोइराला नेतृत्वको सरकारले स्वीकार गरे । तर अहिले निस्केको विज्ञापनमा लोकसेवा आयोगले नै यत्रो संघर्षपश्चात् दिएको आरक्षण कोटालाई हटाएको छ ।

तर NEA ईन्जिनियरीङ्ग पेशामा सबैको संबैधानिक अधिकार सुनिश्चित गराउन खोलिएको छाता संगठनले यसको बारेमा कुनै अभिव्यक्ति सार्वजनिक नगर्नु दुःखद हो । यस्ता घटना देख्दा NEA पीडित ईन्जिनियरसको लागि आवाज उठाउनुको साटो नेपाल सरकारको एउटा इकाई बनेर बसेको; सरकारको ईन्जिनियरस विरुद्धको निर्णयलाई समर्थन गरेको देखिन्छ ।

सरकारी सेवामा सबैको पहुँच हुनलाई दिएको आरक्षण कोटा काट्दा NEA ले पहुँच नभएका समुदायका ईन्जिनियरसका लागि लडेको देखिदैन । यदि पीडित समुदायले फेरि आफै सडक आन्दोलन गरेर आफ्नो माग पूरा गरायो भन्ने ईन्जिनियरीङ्ग पेशाको लड्ने NEA को के औचित्य हो त । त्यसैले दिनप्रति दिन पीडित वर्गका लागि NEA को औचित्य घट्दै गएको छ ।

त्यसैले विगतका दिनमा पीडित समुदायका लागि अवाज नउठाउने विभिन्न पार्टीको विचारधारासँग मेल खाने ईन्जिनियरीङ्ग प्यानललाई आफ्नो मत नदिनका लागि अनुरोध गर्दछु ।

मलाई याद छ, लोक सेवा आयोगमा आरक्षण कोटा काट्दा ई.सन्जिब कुमार यादव नेतृत्वको राष्ट्रिय ईन्जिनियर संघले मात्रै लोक सेवाको कार्यालयमा तालाबन्दी गर्ने घोषणा गरेर आरक्षण बचाउ आन्दोलनको शुरूवात गरिएको थियो । राष्ट्रिय ईन्जिनियर संघले महोत्तरीस्थित लोक सेवा आयोगमा तालाबन्दी समेत गरिएको थियो । त्यसपछि तराई मधेश राष्ट्रिय परिषद्ले आन्दोलनको नेतृत्व लिई विभिन्न पीडित समुदायसँग मिलि आन्दोलनलाई चरम विन्दुसम्म पुऱ्याएको थियो ।

## क्षतिग्रस्त तटबन्ध मर्मत गर्न अनिल झाले गरे सरकारको ध्यानाकर्षण

काठमाडौं । जनता समाजवादी पाटीका केन्द्रीय निर्वाचन आयोगका प्रमुख तथा प्रतिनिधि सभा सदस्य अनिलकुमार झाले रौतहट जिल्लास्थित बागमती नदि नियन्त्रणसम्बन्धी कार्य तत्काल थाल्न संघीय सरकारको ध्यानाकर्षण गराएका छन् । संघीय सरकारका अर्थमन्त्री विष्णुप्रसाद पौडेल र उर्जा, जलस्रोत तथा सिचाईमन्त्री टोपबहादुर रायमाझीसँग बिहीबार भेटेर जसपा नेता झाले ध्यानाकर्षण गराएका हुन् । बागमती नदिले बर्सेनि पुर्याइरहेको क्षतिबारे जानकारी गराउँदै झाले वर्षाअघि नै नदी नियन्त्रणको कार्य गर्न आग्रह गरे । गत वर्षको बाढीले बागमती नदि किनारमा निर्मित तटबन्ध विभिन्न स्थानमा भत्काएको, र तटबन्दका विभिन्न स्थानमा रहेका स्परसमेत क्षतिग्रस्त भएकाले मर्मतसम्भारको कार्य गर्न आग्रह गर्दै नेता झाले मर्मतसम्भार कार्य तत्काल नथालिए नदी किनारका स्थानीय गाउँ जोखिममा रहेको बताए । नेता झाको आग्रहपछि मन्त्रीद्वय पौडेल र रायमाझीले सो विषयमा आफ्नो ध्यानाकर्षण भएको र मातहतका सम्बन्धित निकायलाई तत्काल कार्य थाल्न निर्देशन दिने वचन दिएका थिए ।


- जीवनाशक विषादीहरू निःसन्देह जीवघाती हुन् । होसियारीसँग प्रयोग नगरिएमा मृत्युसम्म हुन सक्छ ।
- रासायियक विषादी अन्तिम विकल्पको रूपमा लिनुपर्छ ।
- विषादी प्रयोग गर्ने सम्पूर्ण व्यक्तिलाई विषादीबारे विस्तृत जानकारी हुनुपर्छ ।
- व्यक्तिगत सुरक्षाका लागि आवश्यक पोसाक लगाएर मात्र विषादी छर्नुपर्छ ।
- लेवलमा भएका जानकारीहरू तथा निर्देशनहरूअनुसार कार्य गर्दा विषादीबाट हुने असरबाट बच्न सकिन्छ ।
- विषादी छर्ने औजार चुहिने हुनुहुँदैन ।
- विषादी मिसाउँदा वा छर्दा सकभर छालामा सम्पर्क हुन नदिन वा श्वास प्रक्रियाबाट शरीरभित्र जान नदिन प्रयोग गर्नुपर्छ ।
- विषादी मिसाउँदा वा छर्ने बेलामा खान, पिउन वा धुम्रपान गर्न निषेध गर्नुपर्छ ।
- छिमेकीलाई विषादी छरेको जानकारी दिनुपर्छ ।
- केटाकेटीहरूलाई विषादी चलाउन राखेको समयमा नजिक आउन दिनुहुँदैन ।
- विषादी अन्तिम प्रयोग र वाली भित्र्याउने समयावधि जानकारी राख्नुपर्छ ।
- लक्षित गरेका किराहरू तथा प्रयोग हुने बालीहरूबारे जानकारी राख्नुपर्छ ।
- विषादीको म्याद सकिने मिति तथा प्रयोग गर्ने मात्रासम्बन्धी जानकारी हुनुपर्छ ।
- धेरै हावा चलेको वा हुरी लागेको बेलामा विषादी छर्नुहुँदैन ।
- विषादी छरिसकेपछि बाँकी भएको विषादी भण्डारणमा वा सुरक्षित ठाउँमा पुऱ्याउनुपर्छ ।
- खाली विषादीको भाँडा ठीक ठाउँमा नष्ट गर्नुपर्छ ।
- विषादी छरिएको 'रेकर्ड' राख्नुपर्छ । जस्तै विषादीको नाम, मात्रा, छरेको मिति, बालीको अवस्था, छरेको बेलामा मौसम र अन्य विस्तृत जानकारी राख्नुपर्छ ।

प्रदेश सरकार

भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय

प्रदेश नं. २, धनुषा, नेपाल

सम्पर्क नं. : ०१५२२३५०

इमेल : malcprovince2@gmail.com


## प्रदेश प्रमुख डा.अहिराजद्वारा ३२औं पटक रक्तदान

काठमाडौं । प्रदेश नं. २ का प्रमुख डा.राजेश अहिराजले नेपाल रेडक्रस सोसाइटी केन्द्रीय रक्तसञ्चार सेवा, कालीमाटीमा पुगी ३२औं पटक रक्तदान गरेका छन् ।

'रक्तदानमा युवा सहभागिता बढाउनुपर्नेछ । म नियमित रक्तदाता भएकामा गर्व गर्दछु', उनले भने । उनले विशेषगरी प्रदेश २ मा रक्तसञ्चार सेवा वृद्धि गर्न नेपाल रेडक्रसलाई आवश्यक सहयोग गर्ने प्रतिबद्धतासमेत व्यक्त गर्नुका साथै समुदाय केन्द्रित चेतना कार्यक्रम बढाउन देशभरिका रक्तसञ्चार केन्द्रलाई सुझाव दिएका छन् ।

सो अवसरमा प्रदेश प्रमुख अहिराजलाई सोसाइटीका कार्यकारी निर्देशक उमेशप्रसाद ढकालले रक्तदाता पिन लगाइदिँदै रेडक्रसबाट सञ्चालित रक्तसञ्चार सेवाका बारेमा जानकारी गराएका थिए । उनले भने, 'रगतका अभाव हुन नदिन सोसाइटीले उच्च प्राथमिकताका साथ काम गरिरहेको छ ।' केन्द्रीय रक्तसञ्चार सेवाका निर्देशक दिव्यराज पौडेलले 'सुलभ, गुणस्तरीय र मर्यादित सेवा : नेपालको रक्तसञ्चार सेवाको अवधारणा' अनुसार रक्तसञ्चार गतिविधि अघि बढाइएको जानकारी दिए । उनले रक्तदान गरेकोमा प्रदेश प्रमुख अहिराजलाई धन्यवाद पत्रसमेत प्रदान गरे । हालैमात्र उनले निर्देशक पदको जिम्मेवारी सम्हालेका थिए ।

सुलभ, गुणस्तरीय र मर्यादित रक्तसञ्चार सेवाका लागि प्रदेश नं २ र कर्णाली प्रदेशमा पनि प्रदेशस्तरीय रक्तसञ्चार केन्द्र बनाउने जानकारी उनले दिए ।

उनका अनुसार विगत चार महिनाका अबधिमा मात्र केन्द्रीय रक्तसञ्चार सेवा केन्द्र कालीमाटीले दशहजारभन्दा वढी युनिट रगत सङ्कलन गर्न सफल भएको छ । सङ्कलित रगत विरामीको आवश्यकता अनुसार वितरण समेत गरेको छ ।

## संक्षिप्त समाचार

### पत्रकार महासंघ धनुषामा महिला नेतृत्व

जनकपुरधाम । नेपाल पत्रकार महासंघ धनुषाको अध्यक्षमा मनिका झा निर्वाचित भएकी छन् । २६ औं अधिवेशनमा सबैभन्दा बढि मत ल्याउँदै झा निर्वाचित भएकी हुन् । उनले अरु पाँच प्रत्यासीलाई पराजित गरेकी हुन् । त्यस्तै उपाध्यक्षमा अवधेश कामत विजयी भएका छन्न् । महिला उपाध्यक्षमा नेहा झा निर्वाचित भएकी छन् । सचिवमा बटुकनाथ झा, सह-सचिवमा निरञ्जन साह, सह-सचिव समावेशीमा गोविन्द महतो र कोषाध्यक्षमा रामकमल महतो निर्वाचित भएका छन् । धनुषा शाखामा कुल १ सय ७४ मतदाता रहेकोमा १ सय ६२ जनाले मतदान गरेका थिए ।

### गाँजासहित दुईजना पक्राउ

वीरगञ्ज । बारा प्रहरीले गाँजासहित दुई जनालाई पक्राउ गरेको छ । पक्राउ पर्नेमा पचरौता नगरपालिका ९ कुडवा बस्ने २३ वर्षीय मंगनी मुखिया र निजगढ नगरपालिका १३ भक्तलाल टोल बस्ने अबि वाइवा रहेका छन् । मुखियालाई १४ किलो गाँजासहित पक्राउ गरिएको प्रहरीले जनाएको छ । यस्तै वाईबालाई एक किलो गाँजासहित पक्राउ गरिएको बाराका प्रहरी प्रवक्ता गौतम मिश्रले जानकारी दिए । उनीहरुमाथि थप अनुसन्धान भइरहेको मिश्रले बताए ।

### नक्कली दुई जना प्रहरी पक्राउ

कैलाली । धनगढी उपमहानगरपालिका-८ का व्यापारीलाई प्रहरी हुँ भन्दै उनीहरुबाट पैसा माग गरेको अभियोगमा २ जनालाई प्रहरीले पक्राउ गरेको छ । पक्राउ पर्नेहरूमा धनगढी उपमहानगरपालिका-५ बस्ने २३ वर्षीय वीरेन्द्र सिंह र सोही उपमहानगरपालिका-२ बस्ने २५ वर्षीय पारस मल्ल रहेका छन् । कैलाली जिल्लाका विभिन्न स्थानबाट सादा पोशाकमा खटिएको प्रहरी हुँ भन्दै पैसा माग गर्ने गरेको भन्ने सूचनाको आधारमा सुदूरपश्चिम प्रदेश प्रहरी कार्यालय दिपायल र जिल्ला प्रहरी कार्यालय कैलालीबाट खटिएको प्रहरीले उनीहरूलाई स्थानीय व्यापारीबाट नगद ५ हजार माग गरेको अवस्थामा फेला पारी माग गरेको उक्त नगद सहित पक्राउ गरेको हो ।

### १२ किलो गाँजा बरामद

रौतहट । गौर नगरपालिका-४ टिकुलिया टोलस्थित गहुँबारीमा वेवारिसे अवस्थामा रहेको अवैध लागूऔषध गाँजा करिब १२ किलो प्रहरीले बरामद गरेको छ । बेवारिसे अवस्थामा गाँजा रहेको भन्ने खबर प्राप्त हुनासाथ जिल्ला प्रहरी कार्यालय रौतहटबाट खटिएको प्रहरीले उक्त गाँजा बरामद गरेको हो ।

### एम्बुलेन्सको ठक्करबाट साईकलयात्रीको मृत्यु

धनुषा । जनकपुरधाम उपमहानगरपालिका-२३ विन्दीस्थित सडकमा ज.१ च ७७७ नम्बरको एम्बुलेन्सको ठक्करबाट साईकलयात्री सोही ठाउँ बस्ने २४ वर्षीय बसन्त कुमार झाको मृत्यु भएको छ । ठक्करबाट गम्भीर गाइते भएका उनको चन्द्रकला अस्पताल जनकपुरमा उपचारको क्रममा मृत्यु भएको हो । एम्बुलेन्स चालकलाई नियन्त्रणमा लिई दुर्घटनाका सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ ।

### कैलालीमा लागूऔषधसहित दुई जना पक्राउ

कैलाली । कैलालीमा विभिन्न लागूऔषधसहित दुई जना पक्राउ परेका छन् । धनगढी उपमहानगरपालिका-२ बैयाबेहडीबाट करिब १ ग्राम ३ सय ३१ मिलिग्राम अवैध लागूऔषध हेरोइन सहित सोही ठाउँ बस्ने २४ वर्षीय समिर सिंहलाई शुक्रबार दिउँसो प्रहरीले पक्राउ गरेको छ। बिशेष सूचनाको आधारमा जिल्ला प्रहरी कार्यालय कैलालीबाट खटिएको प्रहरीले सिंहलाई उक्त हेरोइन सहित फेला पारी पक्राउ गरेको हो। यसैगरी, कैलाली धनगढी उपमहानगरपालिका-४ बसपार्कबाट करिब ३ ग्राम ११ मिलिग्राम अवैध लागूऔषध हेरोइन र नियन्त्रित लागूऔषध १५ ट्याब्लेट नाइट्राभेट सहित सोही ठाउँ बस्ने भारत उत्तर प्रदेश लखिमपुर खिरी घर भएका ४२ बर्षीय पप्पु खानलाई शुक्रबार साँझ प्रहरीले पक्राउ गरेको छ। बिशेष सूचनाको आधारमा जिल्ला प्रहरी कार्यालय कैलालीबाट खटिएको प्रहरीले उनलाई उक्त परिमाणको लागूऔषध सहित फेला पारी पक्राउ गरेको हो।

### ट्याक्टर दुर्घटनामा सहचालकको मृत्यु

मोरङ । बिराटनगर महानगरपालिका-१४ स्थित जतुवा खोला छेउँमा को.२ त २७३४ नम्बरको ट्याक्टर अनियन्त्रित भई आइतबार बिहान दुर्घटना हुँदा ट्याक्टरका सहचालक सोही ठाउँ बस्ने २५ वर्षीय कामेश्वर कामतको घटनास्थलमै मृत्यु भएको छ । साथै दुर्घटनामा घाइते भएका ट्याक्टरमा सवार ६५ वर्षीय नारायण यादवलाई उपचारको लागि गोल्डेन अस्पताल पठाईएको छ । हाल फरार ट्याक्टर चालकको प्रहरीले खोजी गरिरहेको छ ।

### मोटरसाइकल दुर्घटनामा एकको मृत्यु

रुपन्देही । तिलोत्तमा नगरपालिका-२ जानकीनगरमा लु.६० प २४१५ नम्बरको मोटरसाइकल आफै अनियन्त्रित भई दुर्घटना हुँदा मोटरसाइकल चालक शुद्धोधन गाउँपालिका-३ बस्ने ३८ वर्षीय घनश्याम पाण्डेको मृत्यु भएको छ । गम्भीर घाइते भएका उनको लुम्बिनी प्रादेशिक अस्पताल बुटवलमा उपचारको क्रममा मृत्यु भएको हो । दुर्घटनास्थलमा स्थानीयको सहयोगमा उद्दार कार्य गर्नुका साथै दुर्घटनाका सम्बन्धमा प्रहरीले थप अनुसन्धान गरिरहेको छ ।

### आगलागीमा सयभन्दा बढी घर जले

नेपालगन्ज । बाँकेको नरैनापुर गाउँपालिकामा फेरि आगलागी भएको छ । नरैनापुर गाउँपालिका-४, खोदवा गाउँमा आगलागी हुँदा १०० वटा भन्दा बढी घर जलेका छन् । शनिबार दिउँसो बस्तीमा एक्कासि आगलागी भएको जिल्ला प्रहरी कार्यालय बाँकेले जनाएको छ । फुसले छाएका घर टहरा सबै जलेर नष्ट भएको छ । नरैनापुर गाउँपालिका प्रमुख प्रशासकीय अधिकृत महेन्दजंग शाहीका अनुसार गाउँका आधाभन्दा बढी घरमा क्षति पुगेको छ । आगलागी हुनेबित्तिकै नरैनापुरको एउटा र नेपालगन्जका दुई वटा दमकल पुगेका थिए । आगोमा जलेर केही मानिससमेत घाइते भएको प्रमुख जिल्ला अधिकारी रामबहादुर कुरुम्बाङले बताए । नरैनापुर नेपालगन्जदेखि ४० किमि पूर्वमा पर्छ । यसअघि पनि नरैनापुरका विभिन्न गाउँमा पटक-पटक आगलागी भइसकेको छ ।

### ब्राउनसुगरसहित तीन जना पक्राउ

मोरङ । उर्लाबारी नगरपालिका-४ आइतबारेबाट ३ सय ६० मिलिग्राम अवैध लागूऔषध ब्राउन सुगर सहित ३ जनालाई आइतबार बिहान प्रहरीले पक्राउ गरेको छ। पक्राउ पर्नेहरूमा उर्लाबारी नगरपालिका-४ बस्ने २२ वर्षीय प्रबिन आचार्य, १९ वर्षीया आयुषा लिम्बु र २१ वर्षीय बिसाल लिम्बु रहेका छन्। ईलाका प्रहरी कार्यालय उर्लाबारीबाट खटिएको प्रहरीले जाँच गर्नेक्रममा उक्त लागूऔषध सहित उनीहरूलाई पक्राउ गरेको हो।

### जबरजस्ती करणी गर्ने पक्राउ

कपिलवस्तु । १७ वर्षीया किशोरीलाई जबरजस्ती करणी गरेको अभियोगमा कपिलवस्तु नगरपालिका-५ दलदलाहा बस्ने दिनेश भन्ने २८ वर्षीय रतन गिरीलाई प्रहरीले पक्राउ गरेको छ । मंगलबार साँझ प्रहरीले गिरीलाई पक्राउ गरेको हो । गिरीले ती किशोरीलाई जबरजस्ती करणी गरेको भन्ने खबर प्राप्त हुनासाथ जिल्ला प्रहरी कार्यालय कपिलवस्तुबाट खटिएको प्रहरीले उनलाई पक्राउ गरेको हो ।

### पोखरीमा डुबेर एकको मृत्यु

रुपन्देही । सुद्धोधन गाउँपालिका-५ पुरेनी बस्ने ३५ वर्षीय दुहे चौधरीको सोही गाउँपालिका-२ तल्लो खैरेनीस्थित पोखरीमा डुबेर मृत्यु भएको छ । मंगलबार साँझ माछा मार्ने क्रममा पोखरीमा डुबेर बेपत्ता भएको भन्ने खबर प्राप्त हुनासाथ ईलाका प्रहरी कार्यालय रन्यौराबाट खटिएको प्रहरीले खोजी गर्ने क्रममा उक्त पोखरीमा उनको शव फेला पारेको हो ।

### मोटरसाइकलको ठक्करबाट एकको मृत्यु

कैलाली । टिकापुर नगरपालिका-१ सन्त निरंकारी चोकस्थित सडकमा हाल नम्बर नखुलेको मोटरसाइकलको ठक्करबाट सोही ठाउँ बस्ने पैदलयात्री ६० वर्षीया पद्मा साउदको बुधबार बिहान मृत्यु भएको छ । ठक्करबाट गम्भीर घाइते भएकी उनको टिकापुर अस्पताल हुँदै थप उपचारको लागि कोहलपुरतर्फ लैजाने क्रममा बाटोमै मृत्यु भएको हो । हाल फरार मोटरसाइकल चालकको प्रहरीले खोजी गरिरहेको छ ।

# यसरी खनिए मन्त्री प्रभु साह प्रचण्डमाथि



काठमाडौं । नेकपा माओवादी केन्द्रले पार्टीका ४ सांसदलाई साधारण सदस्यसमेत नरहने गरी पार्टीबाट कारबाही गर्दै सांसदबाट समेत पदमुक्त गरेपछि कारबाहीमा पर्नेमध्येका एक प्रभु साहले आक्रोश पोखेका छन् ।
निर्वाचित सांसदलाई पदमुक्त गर्ने प्रचण्डको कदम निरंकुशताको पराकाष्ठा भएको केपी ओली सरकारका सहरी विकास मन्त्री रहेका उनको आरोप छ ।
'जनताबाट प्रत्यक्ष निर्वाचित सांसदलाई पद मुक्त गर्ने प्रचण्डको निर्णय लोकतन्त्रको उपहास एवम् निरंकुशताको पराकाष्ठा हो,' उनले सामाजिक सञ्जालमार्फत भनेका छन्, 'आफू चुनाव जित्नलाई नेकपा एमालेसँग एकता, सहकार्य गर्ने, नेकपा अध्यक्षको हैसियतमा सर्वोच्च अदालतमा पुनरावलोकन गर्ने र अहिलेसम्म सरकारलाई समर्थन दिई राख्नेहरूले हामी साझा घोषणापत्र एवं संयुक्त मतबाट निर्वाचित जनप्रतिनिधिमाथि कथित दल त्यागको कानुनी डण्डा चलाउनु कुनै नैतिकताले सुहाउँदैन ।' उनले निर्वाचित जनप्रतिनिधिलाई त्रसित र सिंगै संसदलाई पंगु बनाउने यो खेलले आफूलाई कथित संसद पुन:स्र्थापनाको पक्षधर बताउनेहरू आज फेरि उदांगो भएको टिप्पणी गरेका छन् ।
'अहिलेकै संसद सुचारू हुनुपर्छ भनेर माग गर्ने तर सारमा जनभावना एवं लोकतान्त्रिक मान्यता विपरीत प्राविधिक, कानूनी आडमा सम्मानित सदन तथा जनताको सच्चा प्रतिनिधिको रुपमा क्रियाशील सांसदहरुको पदमाथि यसरी अनुचित रुपमा हमलाको दुष्प्रयास गर्नु आफैंमा प्रतिगामी कार्य हो', उनले भनेका छन् ।
माओवादीले संसद सचिवालयमा प्रभु साहसहित सांसदहरु टोपबहादुर रायमाझी, लेखराज भट्ट र गौरीशंकर चौधरीलाई पदमुक्त गर्न पत्र दर्ता गराएको थियो ।

# सिरहाको सीमा नाकामा हेल्थ डेस्क स्थापना

सिरहा । छिमेकी मुलुक भारतमा कोरोना सङ्क्रमणको दोस्रो लहर शुरु भएसँगै भारतसँग जोडिएको सिरहाको विभिन्न नाकामा सतर्कता बढाइएको छ । भारतमा तीव्र गतिमा कोरोना सङ्क्रमण फैलिन थालेपछि त्यसको जोखिम सिरहामा पनि पर्न सक्ने भन्दै भारतसँग जोडिएको सिरहाको माडर, ठाडी, बरियारपट्टी, औरही र नवराजपुर नाकामा हेल्थ डेस्क स्थापना गरिएको जिल्ला स्वास्थ्य कार्यालय सिरहाले जनाएको छ । भारतीय बजारबाट बढी आवतजावत हुने ती स्थानमा पुन: हेल्थ डेस्क स्थापना गरी स्वास्थ्य सतर्कता बढाइएको जिल्ला स्वास्थ्य कार्यालय सिरहाका प्रमुख कृष्णदेव यादवले जानकारी दिए । यसअघि गत वर्ष सोही स्थानहरूमा हेल्थ डेस्क स्थापना गरिएको थियो । कोरोना सङ्क्रमणको उच्च जोखिममा रहेको सिरहामा सङ्क्रमण फैलिन नदिन सीमा नाकामा आवतजावत गर्नेहरूको नियमित स्वास्थ्य जाँचसँगै स्वास्थ्य सतर्कता अपनाउने विधिबारे सचेत बनाउन हेल्थ डेस्क राखिएको प्रमुख यादवले बताए । यस्तै जिल्ला प्रशासन कार्यालय सिरहाले आवश्यक स्वास्थ्य सुरक्षाको मापदण्ड पूरा गरी होली पर्व घरमै मनाउन आग्रह गरेको छ ।

# ७२ हजार केजी अखाद्य चिनी खाडलमा

सिमरा । खाद्य क्वारेन्टाइन जलेश्वरले सेवन गर्न अयोग्य भनेको ७२ हजार केजी अखाद्य चिनी राजस्व अनुसन्धान कार्यालय पथलैयाले वर्ष दिनपछि नष्ट गरेको छ । राजस्व अनुसन्धानले जनप्रतिनिधि, उपभोक्ता हित संरक्षण मञ्च सहित सरोकारवाला निकायहरूको रोहबरमा चिनी नष्ट गरेको हो । गत वर्ष नै खाद्य आयात निर्यात गुणस्तर प्रमाणीकरण कार्यालय जलेश्वरले सेवन गर्न अयोग्य भनेको चिनीलाई पटक-पटक सेवनयोग्य बनाउन चलखेल भएपनि त्यो सम्भव नभएपछि अन्तत: नष्ट गरिएको हो । राजस्व अनुसन्धान कार्यालय पथलैयाका प्रमुख अनुसन्धान अधिकृत टंक पाण्डेले राजस्व चुहावट भएको सम्वन्धमा उच्च अदालत वीरगञ्जमा मुद्दा दायर भइसकेको र अदालतले पनि चिनी व्यवस्थापन गर्नु भन्ने अनुमति दिइसकेकोले नमूना परीक्षण प्रतिवेदनका आधारमा चिनी नष्ट गरिएको बताए ।
'अदालतको अनुमति लिएर चिनी व्यवस्थापन गर्न हामीले लिलाम प्रकृया अन्तर्गत उपभोक्तामा जान उपयुक्त छ/छैन भनेर परीक्षण गर्दा खाद्य ऐन प्रतिकूल रहेको ( सेवन गर्न अयोग्य) रिर्पोट प्राप्त भएकोले खाद्य विभागको स्वीकृतिमा कानुनी प्रकृया मिलाएर गरेर चिनी नष्ट गरेका छौं,' अनुसन्धान अधिकृत पाण्डेले भने ।
राजस्व अनुसन्धानले सो चिनीलाई आफ्नै क्षेत्रभित्र २ वटा ठूला ठूला खाल्टा बनाएर माटोले पुरेर नष्ट गरेको छ । भारतको उत्तर प्रदेशबाट गतवर्ष जलेश्वर भन्सारको कार्यालय हुँदै नेपाल भित्रिएको सो चिनी वर्ष दिनदेखि राजस्वको गोदाममा थन्किएको थियो । चिनी लिलाम बिक्री प्रक्रिया अन्तर्गत राजस्वले फागुन १३ गते नमूना परीक्षणका लागि जनकपुर पठाएको थियो । चौथो पटक गरिएको नमूना परीक्षणमा पनि सेवन गर्न अयोग्य प्रमाणित भएपछि सो चिनी राजस्वले नष्ट गरेको हो ।
अनुष्का मल्टिपर्पोजले कम्पनिले छोटो दूरीको वीरगञ्ज र भैरहवा भन्सार छोडेर महँगो भाडा तिरेर महोत्तरीको जलेश्वर भन्सार हुँदै काठमाडौं लैजाने क्रममा पथलैयास्थित राजस्वले चिनी नियन्त्रणमा लिएको थियो । अखाद्य चिनीको विषयमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगले १ वर्षदेखि अनुसन्धान गरिरहे पनि हालसम्म कसैलाई कारवाहीको दायरामा ल्याउन सकेको छैन ।

# खेतमा बोरिङ जडान भएपछि किसानको मुहारमा चमक

महोत्तरी । आफ्ना खेत गह्रामा सिँचाइ सुविधाका लागि बोरिङ जडानको काम थालिएपछि मटिहानी नगरपालिकाका किसानको मुहारमा चमक बढेको छ ।
महोत्तरीस्थित भूमि, जलस्रोत तथा सिँचाइ डिभिजन कार्यालय जलेश्वरले नगरपालिकाको समन्वयमा पावरड्रिल स्यालो ट्युबवेल-बोरिङ जडान कार्य थालेपछि किसानको मुहारमा चमक बढेको हो ।
वडा नं ६ मा अहिले एकसाथ १० वटा यस्ता बोरिङ जडानको काम थालिएको छ । 'पानीबेगर खेती जाँगर मरेका बेला बोरिङ जडानको काम थालिएको छ', किसान शङ्कर साहले हँसिलो मुद्रामा भने, 'अब बल्ल हामी किसानका लागि केही हुँदैछ भन्ने आश जागेको छ ।'
यहाँ जडान थालिएका १० वटा बोरिङले ५० बिघा खेतमा सिँचाइ सुविधा पुर्‍याउने भूमि, जलस्रोत तथा सिँचाइ डिभिजन कार्यालयले जनाएको छ ।
शङ्करजस्तै यहीकै अर्का किसान रामसेवक साह पनि अब बोरिङ जडान भएपछि समयमा बाली लगाउन पाइने आशमा छन् । 'हेर्नोस् न, भन्याबेला पानी हुँदैन, आकासे पानीको भरले कहिल्यै समयमा बाली लगाउन पाइएको छैन', रामसेवकले भने, 'खै अब चै काम थाल्या छन्, केही हुन्छ भन्ने विश्वास बढेको छ ।' भारतसँग सीमा जोडिएको उक्त नगरपालिकाका मटिहानी, ढेकाहा, वर्दाहा, आवर, धिरापुर र सिमरदही तरकारी उत्पादनका उर्वर ठाउँ मानिन्छन् तर, खेतीका लागि मुख्य कुरा सिँचाइ नै नहुँदा अपेक्षित उत्पादन लिन नसकेको किसानको गुनासो रहँदै आएको छ ।
मटिहानीमा बोरिङ जडानको काम प्रदेश २ सरकारको कृषि प्रवर्धन कार्यक्रमअन्तर्गत थालिएको र यसले अब निरन्तरता पाउने नगरप्रमुख हरिप्रसाद मण्डल बताउनुहुन्छ । प्रदेश सरकारको भौतिक पूर्वाधार विकास मन्त्रालयले किसानको खेतका गह्रागह्रामा पानी पुर्‍याउने नीति अघि बढाएसँगै स्थानीय पहलकदमी पनि बढेको हुँदा सिँचाइसम्बन्धी कार्यक्रम विस्तार हुँदै जाने नगरप्रमुख मण्डलको भनाइ छ । अहिले बोरिङ जडान थालिएको क्षेत्रमा १०० भन्दा बढी किसानले सिँचाइ सुविधा पाउने भएका छन् । दुई/चार कट्ठा जग्गामा भएका गरिब किसानले अब सिँचाइ सुविधा पुगेपछि तरकारी खेतीबाट अपेक्षित उत्पादन लिन सक्ने र जीवनमा सुधार आउने मण्डलको भनाइ छ ।

# भारतको सहयोगमा काभ्रेमा दुई विद्यालयको निर्माण सुरु



काठमाडौं । भारत सरकारको आर्थिक सहयोगमा काभ्रेमा दुई विद्यालयको निर्माण कार्य सुरु भएको छ ।
राष्ट्रिय पुनर्निर्माण प्राधिकरणका सचिव मणिराम गेलाल, भारतीय राजदूतावासको राजनीतिक प्रभागकी प्रथम सचिव सौम्या सी र रोशी गाउँपालिकाका मेयरको उपस्थितिमा शुक्रबार काभ्रे जिल्लाको रोशी गाउँपालिकास्थित श्री हरिसिद्धि माध्यमिक विद्यालय र महाभारत गाउँपालिकास्थित श्री सिद्धेश्वर माध्यमिक विद्यालयको पुनर्निर्माणका लागि भूमि पूजा सम्पन्न भएको हो । नेरु. २.८४ करोड लागतमा श्री हरिसिद्धि माध्यमिक विद्यालयको निर्माण हुनेछ भने श्री सिद्धेश्वर माध्यमिक विद्यालयको निर्माण लागत नेरु. ३.९६ करोड रहेको छ ।
नेपाल सरकारले निर्धारण गरेको भूकम्प प्रतिरोधी मापदण्ड अनुरुप यी विद्यालयहरुको निर्माण गरिने काठमाडौंस्थीत भारतिय दूतावासले जनाएको छ । श्री हरिसिद्धि माध्यमिक विद्यालयको तीन तल्ले नयाँ संरचनामा ९ वटा कक्षा कोठा, प्रयोगशाला, पुस्तकालय र विद्यार्थीहरुका लागि छुट्टाछुट्टै सरसफाई संरचनाको सुविधा हुनेछ । त्यस्तै, श्री सिद्धेश्वर माध्यमिक विद्यालयको तीन तल्ले नयाँ संरचनामा १३ वटा कक्षा कोठा, लेखा, प्रधानाध्यापक र अध्यापकका लागि कक्ष, परीक्षा कक्ष, प्रारम्भिक बालविकास कक्ष, प्रशासनिक कक्ष, विद्यालय व्यवस्थापन समिति कक्ष र छात्र तथा छात्राका लागि छुट्टाछुट्टै सरसफाई संरचनाको सुविधा हुनेछ ।
यी विद्यालयहरुको निर्माणका लागि केन्द्रीय भवन अनुसन्धान संस्थान (सीबीआरआई) रुड्कीले प्राविधिक सहयोग प्रदान गर्नेछ । केन्द्रीय भवन अनुसन्धान संस्थान ( सीबीआरआई) भूकम्प प्रतिरोधी पुनर्निर्माण क्षेत्रमा भारतको शीर्ष संस्थानको रुपमा परिचित छ । २०७२ सालको भूकम्पले क्षति पुर्‍याएका नेपालका आठ जिल्लाका कूल ७१ वटा शैक्षिक संस्थाको पुनर्निर्माण हेतु भारत सरकारले ५० मिलियन अमेरिकी डलर (करिब नेरु. ५.८ अर्ब) आर्थिक सहयोग गर्ने प्रतिबद्धता जनाएको छ । यस भूमि पूजासँगै ७० वटा विद्यालयको पुनर्निर्माण सुरु भएको छ जसमध्ये ८ वटा विद्यालयहरु सम्बन्धित विद्यालय व्यवस्थापन समितिलाई हस्तान्तरण गरिसकिएको छ ।

# भारतले महाकालीमा बनाएको पर्खालको विषयमा स्थलगत अध्ययन हुने

काठमाडौँ । दार्चुलाको सदरमुकाम खलंगा लगायतका क्षेत्रमा भारतले महाकाली नदीको धार परिवर्तन हुने र नेपालको भूमिमा क्षति पुग्ने गरी निर्माण गरिरहेको तटबन्ध पर्खालबारे नेपाल र भारतका अधिकारीले स्थलगत अध्ययन गर्ने भएका छन् । परराष्ट्रमन्त्री प्रदीप ज्ञवालीले सोमबार प्रतिनिधिसभालाई उक्त विषयमा जानकारी गराएका छन् । कांग्रेस सांसद दिलेन्द्रप्रसाद बडूलगायतले भारतले एकतर्फी रूपमा महाकालीमा पर्खाल लगाइरहेको र नेपाली भूमि मिचिएको भन्दै प्रश्न उठाएका थिए । सोही विषयमा जवाफ दिँदै मन्त्री ज्ञवालीले भने, 'भारतले बनाउँदै गरेको सुरक्षा वालको बारेमा सदनमा प्रश्न उठेको छ । त्यो वाल निर्माण गर्दै जाँदा दुई देशको सीमा छोएर, मिचेर वाल बनाइएको छ भन्ने विषय आइसकेपछि सरकारले गम्भीर रूपमा छलफल गरेको छ । सरकारले नापी अधिकृतको नेतृत्वमा सेना, प्रहरी, जिल्ला प्रशासन दार्चुलाका प्रतिनिधिले स्थलगत अध्ययन गरेको थियो । त्यो अध्ययनबाट भारतबाट निर्माण भएको वालको विषगयमा वास्तविकता पत्ता लगाउन र अन्तर्राष्ट्रिय सीमाको कदर गरेको छ कि छैन भन्ने तथ्य पत्ता लगाउन स्थलगत अध्ययन गर्नुपर्ने सुझाव दिएको थियो ।' सोही सुझावअनुसार आगामी साता दुवै देशका अधिकारी उक्त स्थलमा जाने मन्त्री ज्ञवालीले जानकारी दिए । उनले चैत ३० (अप्रिल १२) मा दुवै मुलुकका अधिकारी जाने पनि जानकारी दिए । उनले नेपाल सरकार मुलुकको सीमा सुरक्षा गर्नका लागि तदारुकताका साथ लागिरहेको पनि जानकारी दिए ।


**नोवेल कोरोना भाइरस सामान्य रूघाखोकीभन्दा जटिल संक्रमण हो, हालसम्म यसको उपचारका लागि औषधि पत्ता नलागेकोले यसबाट सतर्क हुनु नै उत्तम उपाय हो ।**

**यसबाट बच्ने उपायहरू :**

- ० कुनै व्यक्ति, वस्तु वा सामान छुनु पहिले वा पछि साबुन पानीले राम्रोसँग हात धुनु ।
- ० अनावश्यक रूपमा घरबाहिर र भीडभाडमा नजाने ।
- ० खोक्दा र हाछ्युँ गर्दा नाक र मुख कुहिनोले छोप्ने ।
- ० कुनै पनि व्यक्तिसँग ३ फिटको दूरी कायम गर्ने ।
- ० जंगली तथा घरपालुवा पशुपक्षीसँगको असुरक्षित सम्पर्कबाट टाढा बस्ने ।
- ० सकेसम्म पशुजन्य र अस्वस्थ्यकर मासु नखाने ।
- ० ज्वरो, रूघा र खोकी तथा श्वास-प्रश्वासमा समस्या आएमा चिकित्सकसँग परामर्श लिने ।
- ० कसैले गलत सूचना प्रवाह गरेको तथा अत्यावश्यकीय वस्तु, जम्माखोरी, कालोबजारी तथा लुकाई राखेको थाहा भएमा ११३७ मा सम्पर्क गरी जानकारी गराउने ।

**लालकिशोर साह**
**नगरप्रमुख**
**जनकपुरधाम उपमहानगरपालिका, धनुषा, प्रदेश २**



**नोवेल कोरोना भाइरस सामान्य रूघाखोकीभन्दा जटिल संक्रमण हो, हालसम्म यसको उपचारका लागि औषधि पत्ता नलागेकोले यसबाट सतर्क हुनु नै उत्तम उपाय हो ।**

**यसबाट बच्ने उपायहरू :**

- ० कुनै व्यक्ति, वस्तु वा सामान छुनु पहिले वा पछि साबुन पानीले राम्रोसँग हात धुनु ।
- ० अनावश्यक रूपमा घरबाहिर र भीडभाडमा नजाने ।
- ० खोक्दा र हाछ्युँ गर्दा नाक र मुख कुहिनोले छोप्ने ।
- ० कुनै पनि व्यक्तिसँग ३ फिटको दूरी कायम गर्ने ।
- ० जंगली तथा घरपालुवा पशुपक्षीसँगको असुरक्षित सम्पर्कबाट टाढा बस्ने ।
- ० सकेसम्म पशुजन्य र अस्वस्थ्यकर मासु नखाने ।
- ० ज्वरो, रूघा र खोकी तथा श्वास-प्रश्वासमा समस्या आएमा चिकित्सकसँग परामर्श लिने ।
- ० कसैले गलत सूचना प्रवाह गरेको तथा अत्यावश्यकीय वस्तु, जम्माखोरी, कालोबजारी तथा लुकाई राखेको थाहा भएमा ११३७ मा सम्पर्क गरी जानकारी गराउने ।

**हरिप्रसाद मण्डल**
**नगरप्रमुख**
**मटिहानी नगरपालिका, महोत्तरी, प्रदेश २**

## विश्व परिवेश

# भारतको महाराष्ट्रमा लकडाउन

काठमाडौं । भारतको महाराष्ट्र राज्यमा कडा लकडाउन लागु गरिएको छ । कोरोना भाइरसको संक्रमण तीव्र रुपले बढिरहँदा महाराष्ट्रमा सोमवारदेखि कडा प्रतिबन्धात्मक व्यवस्थाहरु लागु गरिएको हो । अब महाराष्ट्रमा रातिको समयमा कर्फ्यु लगाइने छ भने सप्ताहन्तका बेला राज्यमा पूर्ण रुपमा लकडाउन लागु हुनेछ ।

आइतबार मात्रै भारतमा पहिलो पटक एकैदिन एक लाख ३ हजार ७९४ जना कोरोना भाइरसका संक्रमित भेटिएका छन् । गत सन् २०१९ को डिसेम्बरको अन्त्यदेखि चीनबाट देखिएको कोरोनाको संक्रमण भारतसम्म आइपुग्दा यो अहिलेसम्मकै बढी हो ।

यसअघि गत वर्षको सेप्टेम्बरमा भारतमा सबैभन्दा बढी ९६ हजार ७८७ जना संक्रमित भेटिएका थिए ।

सबैभन्दा बढी प्रभावित महाराष्ट्र भएको छ । आइतबार एकैदिन अहिलेसम्मकै सबैभन्दा बढी ५७ हजार ७४ जना संक्रमित भएका छन् । शनिबार एकैदिन ४९ हजार ४४७ जना संक्रमित थपिएका थिए । आइतबार २२२ जनाको ज्यान गएको छ । शनिबार २७७ जनाको ज्यान गएको थियो ।

महाराष्ट्रमा संक्रमण बढेसँगै भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले संक्रमण फैलिनुको कारण पत्ता लगाउनका लागि एउटा विशेषज्ञ टोलीलाई त्यहाँ जान भनेका छन् ।

महाराष्ट्रमा संक्रमण बढ्नुको कारणबारे शुक्रबारको टेलिभिजन सम्बोधनका क्रममा मुख्यमन्त्री उद्धव ठाकरेले केही मानिसहरुले सुरक्षाका उपायहरु नअपनाएको र मास्क लगाउन छाडेका कारण खोप लगाएपछि पनि केही संक्रमित भएको बताएका थिए ।

महाराष्ट्रको मुम्बईबाट करिब १६० किलोमिटर पूर्वमा रहेको पुणे सहरमा कर्फ्यु लागु गरिसकिएको छ । त्यहाँ एक हप्ताका लागि धार्मिक स्थल, होटल, बार, सपिङ मल र सिनेमा हल बन्द गरिएको छ । सोमबारबाट महाराष्ट्रमा स्थानीय समयअनुसार रातको ८ बजेदेखि बिहानको ७ बजेसम्म कर्फ्यु लागु हुनेछ ।

सप्ताहन्तमा (शुक्रबार राति ८ बजेदेखि पूर्णरुपमा लकडाउन लागु भई सोमबार बिहान ७ बजेसम्म) कायम रहने छ । सरकारी कार्यालयहरुमा ५० प्रतिशत कर्मचारीहरूलाई मात्रै बोलाउन भनिएको छ ।

कर्मचारीलाई सकेसम्म घरबाटै काम गराउन भनिएको छ । यी प्रावधान अप्रिल ३० तारिखसम्म लागु हुने महाराष्ट्र सरकारले जनाएको छ ।

## मोदीले लगाए कोरोना खोपको दोस्रो डोज

काठमाडौं । भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले कोरोना भाइरस विरुद्धको खोपको दोस्रो डोज लगाएका छन् । नयाँ दिल्लीको एम्समा पुगेर मोदीले दोस्रो डोज लिएका हुन् । मोदीले पहिलो डोज मार्च १ तारिखमा लिएका थिए । सामाजिक संजालमा फोटो राख्दै उनले सबैलाई कोरोनाको खोप लिन आग्रह गरेका छन् । मोदीले देशमा बढिरहेको कोरोनाको बारेमा सबै राज्यका मुख्यमन्त्रीहरुसँग भिडियो कन्फ्रेन्समार्फत सम्वोधन गर्दैछन् ।

## चीनलाई उछिन्ने आईएमएफको प्रक्षेपण

काठमाडौं । अन्तर्राष्ट्रिय मुद्रा कोष (आईएमएफ) ले आर्थिक वृद्धिदरमा भारतले चीनलाई पछि पार्ने प्रक्षेपण गरेको छ । आईएमएफले सन् २०२१ जनवरीदेखि अर्को वर्षको सोही महिनासम्म भारतको आर्थिक वृद्धिदर ७ दशमलव ५ प्रतिशतका वृद्धि देखिने प्रक्षेपण गरेको थियो । तर, पछिल्लो प्रक्षेपणमा भने आईएमएफले भारतीय वृद्धिदरको आकार आश्चर्यजनक देखाएको छ । सन् २०२१-२२ मा त्यहाँको आर्थिक वृद्धिदर १२ दशमलव ५ प्रतिशत हुने उल्लेख गरेको छ । आईएमएफले गत जनवरीमा गरेभन्दा पछिल्लो प्रक्षेपणले भारतको आर्थिक वृद्धिदर निकै धेरै हुनेमात्र देखाएको छैन, चीनलाई समेत उछिन्ने अंक प्रस्तुत गरेको बीबीसी हिन्दीमा उल्लेख छ । सन् २०२१-२२ मा आईएमएफले चीनको अनुमानित आर्थिक वृद्धिदर ८ दशमलव ६ प्रतिशत हुने प्रक्षेपण गरेको छ । सन् २०२१ र २०२२ मा विश्व अर्थतन्त्रमा निकै राम्रो सुधार हुने तथा वृद्धिदर पनि पहिलेभन्दा बढ्ने आईएमएफका मुख्य अर्थशास्त्री गीता गोपीनाथले दाबी गरेकी छिन् ।

## अमेरिकाले दिए चीनलाई चेतावनी

काठमाडौं । फिलिपिन्स र ताइवानले सामना गरिरहेका चीनको आक्रामक कदमको विरोधमा अमेरिकाले चेतावनी दिएको छ । आफ्ना पार्टनरहरूप्रतिको दायित्वका रूपमा अमेरिकाले चाल्न सक्ने कदमबारे बेइजिङलाई सचेत गराउँदै अमेरिकाले चेतावनी दिएको हो । 'फिलिपिन्स विरुद्धको सैन्य आक्रमण, दक्षिण चीन सागर लगायत प्रशान्त क्षेत्रमा सैन्य बल, सार्वजनिक पानी जहाज वा विमानलगायतको उपस्थितिले अमेरिका-फिलिपिन्स म्युचुअल डिफेन्स सन्धि अन्तर्गतका दायित्वहरूलाई बढावा दिनेछ,' अमेरिकी विदेश मन्त्रालयका प्रवक्ता नेड प्रिन्सले भनेका छन् । 'ह्विटसन समुद्री चट्टान नजिक चिनियाँ जल सेनाका जहाजहरुको उपस्थिति प्रति अमेरिकाले चिन्ता व्यक्त गरेको छ', उनले भनेका छन् । गत मार्च ७ मा फिलिपिन्सको अधिकार प्राप्त क्षेत्रमा २०० चिनियाँ जहाजहरु देखा परेका थिए । चीनले दक्षिण चीन सागर पुरैमा आफ्नो दाबी गर्दै आएको छ । ताइवानको हवाई रक्षा क्षेत्रमा १५ भन्दा बढी चिनियाँ विमान आएको बताइएको छ । ताइवानले आफूले आफ्नो बचावका लागि कदम चाल्ने चेतावनी दिएको छ । चीनले ताइवानलाई आफ्नो एक प्रान्तका रूपमा हेर्दै आएको छ ।

## चीनले सिन्जियाङमा नरसंहार आरोप

वासिङ्टन । अमेरिकी राष्ट्रपति जो बाइडेन प्रशासनले चीनले सिन्जियाङमा अल्पसङ्ख्यक उइगर मुस्लिमहरूमाथि नरसंहार गरेको जनाएको छ । मानवअधिकार सम्बन्धी एक रिपोर्टमा चीनले सिन्जियाङमा नरसंहार गरेको जनाइएको हो । जसले सिन्जियाङ क्षेत्रका अल्पसङ्ख्यक समूहलाई गैर कानुनी हिरासतमा र जबरजस्ती बाँझोपन गराउने र गम्भीर मुद्दाहरूको मूल्याङ्कन गर्दै नरसंहार गरेको औपचारिक घोषणा गरिएको हो । अलास्कामा शीर्ष कूटनीतिज्ञहरूबीचको तनावपूर्ण बैठक पछि विश्वका दुई ठुला अर्थतन्त्र हरू बीचको सम्बन्धमा तीव्र गिरावट आएको छ । यस संवेदनशील समयमा द्विपक्षीय सम्बन्धमा असर पर्ने गरी बाइडेन प्रशासनले चिनियाँ अत्याचार माथि ध्यान केन्द्रित गर्न जोड दिएको छ ।

## क्रिप्टोकरेन्सी प्रतिबन्ध हुँदै

काठमाडौं । भारतले बिटकोइनलगायतका विभिन्न क्रिप्टोकरेन्सी प्रतिबन्ध गर्ने कानुन बनाउने भएको छ । भारत सरकारका एक उच्च अधिकारीका अनुसार क्रिप्टोकरेन्सीको व्यापार, माइनिङ र त्यस्तो डिजिटल सम्पत्ति राख्नेहरूलाई जरिवाना समेत तोकिनेछ । यसअघि जनवरीमा भारत सरकारले सरकारी डिजिटल मुद्रा ल्याउने एजेण्डा अघि सारेको थियो । त्यसपछि प्राइभेट क्रिप्टोकरेन्सीमाथि प्रतिबन्ध लगाउने प्रक्रिया अघि बढेको भारतीय सञ्चार माध्यमहरूले जनाएका छन् । ती अधिकारीले यो कानुन संसद्बाट पनि सहजै पास हुने बताएका छन् । कानुन पास भएमा भारत क्रिप्टोकरेन्सी प्रतिबन्ध गर्ने विश्वकै एक ठुलो अर्थतन्त्र भएको मुलुक बन्ने छ । कानुन लागु भएपछि ६ महिनासम्म जोसुकैसँग भएको क्रिप्टोकरेन्सीको व्यापार गरिसक्न समय दिइनेछ भने, त्यसपछि कानुन कार्यान्वयन हुनेछ । चीनले पनि क्रिप्टोकरेन्सीमाथि प्रतिबन्ध लगाएको छ । यद्यपि त्यहाँ माइनिङ एवं व्यापार गर्नेहरूमाथि जरिवाना भने छैन ।

## श्रीलंकाको गम्भीर आपत्ति

कोलम्बो । चीनको एक कम्पनीले श्रीलङ्काको राष्ट्रिय झन्डालाई डोरम्याट बनाएपछि श्रीलङ्का र चीनबिचको सम्बन्धमा तिक्तता देखिएको छ । चीनको एक उत्पादक कम्पनीले श्रीलङ्काको झन्डाको डोरम्याट बनाएपछि द्विपक्षीय सम्बन्धमा पनि दरार पैदा भएको हो । श्रीलङ्काको विदेश मन्त्रालयले आफ्नो राष्ट्रिय झन्डाको डोरम्याट प्रिन्ट अमेजनमा बिक्रीका लागि राखेको देखेपछि यस विषयको गहन अनुसन्धान गर्ने बताएको छ ।

श्रीलङ्काले बेइजिङस्थित आफ्नो दूतावासलाई उक्त डोरम्याट उत्पादक कम्पनी पत्ता लगाएर तत्काल जानकारी गराउन निर्देशन गरेको छ । त्यसैसरि कोलम्बोमा रहेको चिनियाँ दूतावासलाई पनि त्यहाँको विदेश मन्त्रालयले यसबारे गम्भीर ध्यानाकर्षण भएको जानकारी गराएको छ । श्रीलङ्काको विदेश मन्त्रालयले वासिङ्टनस्थित आफ्नो दूतावासलाई अमेजनसँग यस विषयमा अनुसन्धान गर्न निर्देशन दिएको छ । राष्ट्रिय झन्डाको नै अपमान गर्दै राष्ट्रिय स्वाधीनता र स्वाभिमानमाथि प्रहार गरेको विषयले श्रीलङ्कामा चीनका बारेमा असन्तोष बढेको छ ।

## अमेरिकाको चेतावनी

बेइजिङ । अमेरिकी रक्षा राज्यमन्त्री कथलिन हिक्सले आफ्नो पहिलो सार्वजनिक सम्बोधनमा चीनको आक्रामक गतिविधि विश्वव्यापी व्यवस्थामा खतरा हुने चेतावनी दिएकी छिन् । उपरक्षामन्त्री हिक्सले शपथ ग्रहण गरेपछि पहिलो पटक सार्वजनिक टिप्पणी गरेकी हुन् । चिनियाँ सेनाको पछिल्ला गतिविधिहरूका कारण क्षेत्रीय शान्तिमा समस्या उत्पन्न भएको बताइएको छ । चिनियाँ सेनाका 'आक्रामक' कार्यले क्षेत्रीय शान्ति, प्रशान्तमा स्थिरता र "नियममा आधारित अन्तर्राष्ट्रिय व्यवस्था' लाई खतरा रहेको बताएको छ। नेशनल वार कलेजका विद्यार्थीहरूलाई भर्चुअल भाषणमा हिक्सले राष्ट्रपति जो बाइडेनको नेतृत्वमा रहेको रक्षा मन्त्रालयले अमेरिकी सेनाले चीनले प्रतिनिधित्व गर्ने चुनौतीको सामना गर्न सक्षम भएको कुरा सुनिश्चित गर्नमा ध्यान केन्द्रित गर्ने बताएकी छिन् । हिक्सले संयुक्त राज्य अमेरिकाले पीआरसी आक्रामकतालाई विश्वसनीय रूपमा रोक्नको लागि इच्छाशक्ति र क्षमता प्रदर्शन गर्न आवश्यक भएको उल्लेख गर्दै चीनले सामना गरेको चुनौतीको सामना गर्न पनि हतियारको कार्यक्रम त्याग्न आवश्यक भएको र नयाँ रणनीतिक वास्तविकतासँग प्रासङ्गिक नभएको बताइन् । चीनको चित्रण अलास्कामा उनीहरूको चिनियाँ समकक्षीहरूसँग एक परीक्षण आदानप्रदानको बेला राज्यका सचिव एन्टनी ब्लान्केन र व्हाइट हाउसका राष्ट्रिय सुरक्षा सल्लाहकार जेक सुलिभनको टिप्पणीसँग मिल्ने उनले बताइन् ।

सामाजिक सुरक्षा कोषमा आबद्धता, सुरक्षित जीवनको सुनिश्चितता ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

## जानकीदेवीले लिइन् प्रतिनिधिसभा सदस्यको सपथ



काठमाडौं । नेकपा एमालेकी नेतृ जानकीदेवी रामले प्रतिनिधसभा सदस्यको सपथ ग्रहण गरेकी छन् । आइतबार सभामुख अग्नि सापकोटाले उनलाई संसद सचिवालयमा पद तथा गोपनीयताको सपथ खुवाएका हुन् । जानकीदेवी सिरहाकी हुन् । समानुपातिक सांसद सानु सिवाको निधनपछि खाली भएको कोटामा एमाले अध्यक्ष तथा प्रधानमन्त्री केपी शर्मा ओलीले जानकीदेवीको नाम मनोनयनका लागि निर्वाचन आयोगमा सिफारिस गरेका थिए । एमालेले आयोगमा बुझाएको समानुपातिक उम्मेदवारको बन्द सूचीमा शिवापछि समावेशी समूह दलिततर्फको कोटामा रामको नाम समावेश थियो ।

## जिल्ला समाचार

## सशस्त्रका बीओपीमा सीसीटीभी

पर्सा । सशस्त्र प्रहरीले पर्सा जिल्लामा रहेको ७ वटा बोर्डर आउट पोस्ट (बीओपी) मा सीसीटीभी क्यामेरा जडान गरेको छ। प्रहरी प्रधान कार्यालयको लगानीमा वीरगन्ज भन्सार, सिर्सिया, अलौं, अमरपट्टी, भिस्वा, सुवर्णपुर र ठोरी बीओपीमा क्यामेरा जडान गरिएको हो। सशस्त्र प्रहरी जिल्ला कार्यालयका प्रहरी नायब उपरीक्षक निर्मलकुमार थापाका अनुसार भन्सार बीओपीमा ४ वटा र अन्यमा ३/३ वटाको दरले क्यामेरा जडान गरिएको हो। जिल्लामा १७ वटा बीओपी छन्। 'कतिपय स्थानमा केबलको अभावले समस्या भएको छ,' थापाले भने, 'मुख्य नाका तथा बढी मुभमेन्ट भएका नाकास्थित बीओपीलाई प्राथमिकतामा राखेका छौं।' सबै बीओपीका क्यामेराको कनेक्सन जिल्लास्थित सशस्त्र प्रहरी उपरीक्षक नेतृत्वको कार्यालयसँग रहनेछ। सीमा अनुगमन र सीमामा हुने चोरी पैठारी नियन्त्रणका लागि यस्तो अभियान सुरु गरिएको थापाले बताए। भारतबाट नेपालतर्फ दैनिक उपभोग्य वस्तु र लत्ताकपडाको तस्करी हुने गरेको छ ।

## हात्तीपाइले रोगविरुद्धको अभियान सुरु

नेपालगन्ज । बाँकेमा एघारौं चरणको हात्तीपाइले रोगविरुद्धको अभियान सुरु भएको छ । नेपालगन्जका मेयर डा धवलशमशेर राणा र उपमेयर उमा थापामगरले एकैसाथ औषधि खाएर अभियान सुरु गरेका हुन् । जिल्लाको हकमा भने बिहीबार नै जिल्ला समन्वय समितिका संयोजक अजय श्रीवास्तव, प्रमुख जिल्ला अधिकारी रामबहादुर कुरुम्बाङ र स्वास्थ्य कार्यालयका प्रमुख धीरजंग शाहले औषधि खाएर अभियान सुरुवात गरिसकेका छन् । २०६७ सालदेखि बाँकेमा औषधि खुवाउन थालिएको थियो । बाँकेमा औषधि खानेले खाइरहने र नखानेले खाँदै नखाने प्रवृत्ति देखिएको छ । जसकारण कार्यक्रम लम्बिरहेको छ। बाँकेमा गत वर्ष ७४ प्रतिशतले औषधि खाएका थिए । अन्यत्रभन्दा नेपालगन्ज बजारमा औषधि खानेको संख्या कम छ । गत वर्ष नेपालगन्ज उपमहानगरपालिकामा ५३ प्रतिशतले औषधि खाएका थिए । नेपालगन्ज उपमहानगरपालिकाका स्वास्थ्य शाखाका प्रमुख रामबहादुर चन्दले कभरेज बढाउन राजनीतिक दल, जनप्रतिनिधि, स्वास्थ्यकर्मी घरघरमा पुगेर औषधि खुवाउने रणनीति बनाएको जानकारी दिए । बाँकेमा २०६७ सालमा ९१ प्रतिशतले औषधि खाएका थिए । त्यसपछि औषधि खानेको संख्या घट्दै गएको छ। २०६८ मा ५३, २०६९ मा ६६, २०७० मा ७३, २०७१ मा ७५, २०७२ मा ६७, २०७३ मा ७३, २०७४ मा ६६, २०७५ मा ६१ प्रतिशतले हात्तीपाइले रोगविरुद्धको औषधि सेवन गरेका थिए ।

## पेट्रोलियम पदार्थ तस्करी गर्ने १० जना पक्राउ

वीरगञ्ज । नेपालबाट भारततर्फ पेट्रोलियम पदार्थ तस्करी गरेको आरोपमा तीन जना भारतीयसहित १० जनालाई प्रहरीले पक्राउ गरेको छ। पर्साको ग्रामीण क्षेत्रका पेट्रोल पम्पबाट खरिद गरेर भारततर्फ पेट्रोलियम पदार्थ तस्करी गरेको आरोपमा उनीहरूलाई पर्सा प्रहरीले पक्राउ गरेको हो । पेट्रोलियम पदार्थ तस्करीमा संलग्न रहेका भारत विहार मोतीहारी पूर्वी चम्पारण भेलाहीका मनोज गुप्ता, ईदरिश मिया र प्रिन्स साह छन् । यस्तै पेट्रोलियम पदार्थ तस्करी गर्ने क्रममा प्रहरीले पर्साको जगरनाथपुर गाउँपालिका-२ का सागिर आलम, रामानन्द राम, रविकुमार साह, मुनी साह तेली, जालिम गद्दी, राजकुमार कुर्मी र आश महम्द राउत गद्दीलाई पनि पक्राउ गरेको हो । उनीहरूको साथबाट प्रहरीले तस्करीमा प्रयोग गरिएका साइकलसहित पेट्रोलियम पदार्थसमेत नियन्त्रणमा लिएको छ । पेट्रोलियम पदार्थ भारततर्फ तस्करीमा संलग्न रहेका धोबिनी गाउँपालिका-५ लंगडीको इस्लाम आयल स्टोर, जगरनाथपुर गाउँपालिका-२ स्थित विशमिल्लाह आयल स्टोर र वीरगञ्ज महानगरपालिका-१९ बर्वास्थित तिवारी आयल स्टोरलाई कारबाहीका लागि नेपाल आयल निगमको २ नम्बर प्रादेशिक कार्यालय अमलेखगञ्जमा पठाइने पर्साका प्रहरी प्रवक्ता प्रह्लाद कार्कीले जानकारी दिए। पक्राउ परेकाहरूलाई भने कारबाहीका लागि वीरगञ्ज भन्सार कार्यालयमा बुझाइएको कार्कीले बताए ।

## चोरीमा संलग्न ४ जना पक्राउ

मोरङ । कटहरी गाउँपालिका-१ पाथीभरा पेट्रोलपम्प अगाडी रहेको जय बैष्णु फर्निचर उद्योगबाट विभिन्न सामान चोरी गरेको घटनामा संलग्न रहेको अभियोगमा ४ जनालाई प्रहरीले पक्राउ गरेको छ। मंगलबार दिउँसो पक्राउ पर्नेहरुमा विराटनगर महानगरपालिका-८ वलुवाही बस्ने २३ वर्षीय लक्ष्मी यादव, सोही ठाउँ बस्ने २२ वर्षीय अर्जुन मुखिया, २७ वर्षीय धर्मेन्द्र राय र सोही महानगरपालिका-८ विश्वकर्मा चोक बस्ने २२ वर्षीय दिपेश कुमार राय रहेका छन् । उक्त फर्निचर उद्योगबाट चैत २१ गते फर्निचर बनाउन प्रयोग गरिने रन्दा मेसिन १ थान, हेण्डकटर १ थान, जेक्सो मेसिन १ थान , टिभी १ थान, मोवाईल १ थान, पानी तान्ने मोटर १ थान र विभिन्न हाते औजार चोरी भएको घटनाको अनुसन्धान गर्ने क्रममा जिल्ला प्रहरी कार्यालय मोरङबाट खटिएको प्रहरीले उनीहरुलाई विराटनगर महानगरपालिका-८ बलुवाई स्वागत चोकबाट चोरी गरिएको सामान सहित पक्राउ गरेको हो । उनीहरु उपर चोरी सम्बन्धी कसूरमा थप अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालय मोरङले जनाएको छ ।

## रौतहटमा आगालागीबाट ७ लाखको क्षति

रौतहट । ईशनाथ नगरपालिका १ स्थित बन्जारामा भएको आगलागी एपीएफ टोली, स्थानीय प्रहरी र स्थानीय वासिन्दाले नियन्त्रणमा ल्याएका छन् । सोही ठाउँमा रहेको ओमप्रकाश साह र रामेश्वर साहको खरले छाएको दुई वटा घरमा आगलागी हुँदा करीव ७ लाख रुपैयाँ बराबरको धनमाल नष्ट भएको बताईएको छ । सो आगलागीबारे जानकारी पाउनासाथै सशस्त्र प्रहरी बल, नेपाल बोर्डर आउट पोष्ट औरैयाबाट खटिएको एपीएफ टोली आगालागी नियन्त्रणमा जुटेको थियो ।

## कपिलवस्तुमा आगलागीबाट साढे ६ लाखको क्षति

कपिलवस्तु । कृष्णनगर नगरपालिका-१२ हरिहरपुरस्थित बस्तीमा मंगलबार साँझ आगलागी हुँदा सोही ठाउँ बस्ने नानु यादव समेतको ३ वटा गोठ तथा २ वटा घर जलेर करिब ६ लाख ५१ हजार रुपैयाँ बरारको धनमाल नष्ट भएको छ । दमकल र स्थानीय बासिन्दाको सहयोगमा आगलागी नियन्त्रणमा लिनुका साथै यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ ।

## प्रादेशिक सहकारी ऐन एक हप्ता भित्रै : मन्त्री साह

जनकपुरधाम । प्रदेश २ का भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्री शैलेन्द्र प्रसाद साहले प्रादेशिक सहकारी ऐन एक हप्ता भित्र बनिसक्ने बताएका छन् । आठ ओटै जिल्लाका सहकारी अभियान साथीहरूसँग छलफल गरेर प्रदेश सभामा ड्राफ्ट गरिसकेका मन्त्री साहले बताए । ६४औ राष्ट्रिय सहकारी दिवसको अवसरमा भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालयद्वारा आयोजित कार्यक्रममा उनले भने,'ऐन अहिले प्रदेश सभामा छलफलमा रहेको छ । चैत ३० गते प्रदेश सभाका बैठकमा प्रादेशिक सहकारी ऐन एक हप्ता भित्र बनिसक्ने छ ।' सहकारी ऐन आइसकेपछि प्रदेश भित्र रहेको सात हजार भन्दाबढी सहकारी संस्थाहरूलाई कसरी संरक्षण, संवर्द्धन र प्रवर्द्धन गर्ने त्यसतर्फ प्रदेश सरकार आफ्नो कदम चाली सकेको मन्त्री साहले बताए । राजनीति जस्तै सहकारीमा पनि राजनीति भइरहेको मन्त्री साहले दुःख व्यक्त गरे । सहकारीमा राजनीति गरे समाजमा धेरै विकृत ल्याउने उनको भनाइ छ ।

## कोरोना संक्रमण नियन्त्रण निर्देशन

जनकपुरधाम । कोरोना संक्रमण पुनः बढ्न थालेपछि प्रदेश २ का मुख्यमन्त्री लालबाबु राउतले आवश्यक तयारी अगाडि बढाउन निर्देशन दिएका छन् । कोरोना संक्रमण पुनः बढ्न थालेपछि त्यसको उपचार, रोकथाम तथा नियन्त्रण गर्न मुख्यमन्त्री राउतले निर्देशन दिएका हुन् । जनकपुरधाममा बसेको प्रदेश स्तरीय बैठकमा उनले तत्कालै आत्तिनुपर्ने अवस्था नरहे पनि उच्च सतर्कतमा बस्न निर्देशन दिए । छिमेकी राष्ट्र भारतमा कोरोना संक्रमण तीब्र गतिमा बढ्न थालेपछि सीमानाकामा आवश्यक सतर्कता अपनाउन उनले सुरक्षा निकायका प्रमुखहरुलाई निर्देशन दिए । जिल्ला प्रशासन कार्यालयमार्फत सर्वसाधारणलाई मास्क र स्यानिटाइजर उपलब्ध गराउने मुख्यमन्त्री राउतले बताए । सामाजिक विकास मन्त्री नवल किशोर साहले कोरोना महामारीविरुद्धको अभियानमा स्वास्थ्यकर्मीहरुले निर्वाह गरेको भूमिकाको कारण महामारीविरुद्धको अभियानमा सफलता भेटेको बताए । बैठकमा नीति आयोगका उपाध्यक्ष डा. भोगेन्द्र झा, प्रमुख सचिव गोकर्णमणि दुवाडी लगायत सचिव, प्रमुख जिल्ला अधिकारी, सुरक्षा निकायका प्रमुख, स्वास्थ्य क्षेत्रका प्रमुखहरुको उपस्थिति रहेको थियो ।

16-51, Madheshvani, Chait-27, 2077.pmd 7 4/9/2021, 10:02 AM

## कला/साहित्य

कमल मण्डल

# संगीत प्रतियोगितामा सुवास मण्डल नगदसहित प्रथम




रेडियो नेपालको ७१औं वार्षिक उत्सवको अवसरमा आयोजित संगीत प्रतियोगितामा विराटनगरका गायक चौकका सुवास मण्डल गायनतर्फ नगदसहित प्रथम भएका छन् ।

रेडियो नेपालको केन्द्रीय कार्यालय सिंहदरबारमा आयोजित प्रतियोगितामा विभिन्न चरण गरेर ३१ वटा गीत प्रस्तुत भएको थियो ।

लेखु सहयात्रिको रचना र राजन खतिवडाको सुमधुर संगीत रहेको हर श्वासमा अडकिन्छौ तिमी बोलको गीतबाट प्रथम भएका मण्डल उत्कृष्ठ १० मा परेका थिए । नेपालको सुप्रशिद्ध गायक रामा मण्डलको कान्छो छोरा सुवास १२ वर्षको उमेरमा नै प्रेम ध्वज प्रधानसँग अहिंसा एल्बमको गीत गाएका थिए । त्यसपछि चाउचाउ, हाजमोला, डाबर लाल दन्त मन्जन, ट्राफिक नियम पालना गरौं, गणतन्त्र दिवसको देशभक्ती जस्ता दर्जनौ विज्ञापनहरुमा आफ्नो आवाज दिइसकेका छन् । रेडियो नेपालको इतिहासमा सम्भवत: पहिलोचोटि तराई–मधेश मूलको कलाकार प्रथम भएका छन् ।

# पूर्व राजदम्पति हरिद्वार तर्फ



काठमाडौं । पूर्व राजदम्पति ज्ञानेन्द्र शाह तथा कोमल शाह भारतको हरिद्वारमा आयोजित महाकुम्भ : २०२१ मा सहभागी हुन नयाँ दिल्ली प्रस्थान गरेका छन् ।

सन्यास परम्पराका सर्वोच्च पदधारी निरञ्जन पीठाधीश्वर आचार्य महामण्डलेश्वर स्वामी कैलाशानन्द गिरीको निमन्त्रणामा पूर्व राजदम्पतिको हरिद्वारमा हुन लागेको महाकुम्भमा सहभागि हुनेछन् ।

'महाकुम्भ २०२१ हरिद्वार सनातन परम्परामा सर्वोच्च तथा सर्वोत्तम महापर्व महाकुम्भ रहेको र तपाइँ हिन्दू सम्राट एवम् हिन्दु राजा भएकाले १२ अप्रिल (चैत ३०) मा सम्पन्न हुने शाही स्नानमा यहाँको सहभागिता रहोस् भन्ने प्रवल इच्छा' आचार्य महामण्डले व्यक्त गरेका छन् । उक्त दिन पुनित सलिला माता गंगामा स्नान गरी भारतवर्षका उत्कृष्ट ऋषि मनीषिसँग आशीर्वाद ग्रहण गरी आफ्नो मुलुकको कुशलताका लागि आशीष प्राप्त गर्न पनि उनले शाहसँग आग्रह गरेका छन् । हस्तलिखित निमन्त्रणा पत्रमा 'राजा स्वयं देवस्वरुप हुने मान्यता हिन्दूहरुमा रहेको र तपाइँका उपर देवाधिदेव महादेव पशुपतिनाथ भगवानको अपार कृपा रहेको' पनि उल्लेख छ ।

# सूर्य नेपाल एम्बुलेन्स हस्तान्तरण

काठमाडौं । सूर्य नेपाल प्रा. लि सेराटार तनहुँले म्याग्दे गाउँपालिका तनहुँलाई एउटा एम्बुलेन्स हस्तान्तरण गरेको छ । बिहीबार म्याग्दे गाउँपालिकामा आयोजित एक कार्यक्रममा गाउँपालिका अध्यक्ष माया देवी राना आले, उपाध्यक्ष बालकृष्ण घिमिरे, प्रमुख कार्यकारी नारायण प्रसाद अधिकारी, म्याग्दे गाउँपालिका वार्ड नं. ६ का अध्यक्ष बसन थापा, सुर्य नेपालका फ्याक्ट्री म्यानेजर बाबुराम कार्की, एच. आर म्यानेजर अन्जन दुवाडी, कमर्सियल म्यानेजर गौतम यादव तथा सुरक्षा बिभाग प्रमुख होमनाथ अर्याल लगायतको सहभागितामा उक्त हस्तान्तरण कार्यक्रम आयोजना गरिएको थियो। कार्यक्रममा गाउँपालिका अध्यक्ष माया देवी राना आले उपाध्यक्ष बालकृष्ण घिमिरे, प्रमुख कार्यकारी, लगायत सूर्य नेपालका फ्याक्ट्री म्यानेजर बाबुराम कार्कीले समेत मन्तव्य राखेका थिए ।

# उदयपुरका विद्यालयको नयाँ भवन निर्माणका लागि भारतद्वारा सहयोग



काठमाडौं । उदयपुर जिल्लाको त्रियुगा नगरपालिका गाईघाटस्थित श्री बालमन्दिर माध्यमिक विद्यालयको नयाँ भवन निर्माणका लागि काठमाडौंस्थित भारतीय राजदूतावास, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय र त्रियुगा नगरपालिकाबीच एक सम्झौतापत्रमा हस्ताक्षर भएको छ ।

दूतावासको विकास साझेदारी तथा पुननिर्माण प्रभागका प्रमुख, त्रियुगा नगरपालिकाका मेयर र सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयका उपसचिवले सो सम्झौता पत्रमा हस्ताक्षर गरेका थिए ।

नेपाल-भारत मैत्री विकास साझेदारी कार्यक्रम अन्तर्गत अनुमानित ४ करोड २९ लाखको लागतमा यस परियोजनालाई उच्च प्रभाव सामुदायिक परियोजनाको रुपमा अघि बढाइनेछ ।

भारत सरकारले सन् २००३ यता साविकको 'साना विकास परियोजना' र हालको 'उच्च प्रभाव सामुदायिक परियोजना' अन्तर्गत ५२० भन्दा धेरै परियोजना अघि बढाएकोमा नेपालका सातै वटा प्रदेशमा स्वास्थ्य, शिक्षा, खानेपानी, कनेक्टिभिटि, सरसफाई, तथा अन्य सार्वजनिक सुविधाका क्षेत्रमा हालसम्म ४४८ वटा परियोजना सम्पन्न भइसकेका छन् ।

उदयपुर जिल्लामा निर्माण सम्पन्न भएका सात र निर्माणका विभिन्न चरणमा रहेका आठ गरी प्रदेश १ मा मात्रै ६५ वटा यस्ता परियोजना रहेका छन् ।

स्वास्थ्य, शिक्षा, खानेपानी, कृषि, सरसफाई तथा सार्वजनिक सुविधा, कनेक्टिभिटि, क्षमता अभिवृद्धि एवम् व्यवसायिक तालिम, ग्रामीण तथा दुर्गम क्षेत्रमा स्वास्थ्य शिविर सञ्चालन आदि जस्ता नेपाल सरकारले पहिचान गरेको प्राथमिकताका क्षेत्रमा पुर्वाधारको विकासका प्रस्ताव र पाँच करोड लागतभन्दा कमका परियोजनाहरु 'उच्च प्रभाव सामुदायिक परियोजना' अन्तर्गत पर्दछन् ।

यस्ता परियोजनाहरुलाई 'नेपाल-भारत मैत्री विकास साझेदारी' कार्यक्रम अन्तर्गत लिइन्छ र परियोजना क्षेत्रका जनतालाई लाभ प्रदान गर्न यी परियोजनाहरुको कार्यान्वयन स्थानीय सरकारमार्फत गरिन्छ ।

नेरु ५.८ अर्ब अनुदानमा भारतले २०७२ सालको भूकम्पले क्षति पुर्‍याएका नेपालका आठ जिल्लामा ७१ वटा शैक्षिक संस्थाको पुनर्निर्माण गरिरहेको छ ।

तीमध्ये आठवटा विद्यालयको निर्माण सम्पन्न भइसकेको छ भने ६२ वटा विद्यालय निर्माणाधीन अवस्थामा रहेका छन् । त्रिभुवन विश्वविद्यालय केन्द्रीय पुस्तकालय निर्माण परियोजना भने टेण्डर प्रक्रियामा रहेको छ । नजिकको छिमेकी भएकोले भारत र नेपालबीच विशिष्ट मित्रता र सहकार्य रहिआएको छ । दुई देशबीच लामो समयदेखि अटूट बहुआयामिक विकास साझेदारी रहदै आएको छ ।

दुई पक्षबीच भएको सम्झौताले प्राथमिकताका क्षेत्रहरुमा पुर्वाधारको विकास गर्न नेपाल सरकारले गरेको प्रयासमा भारतले निरन्तर गर्दै आएको प्रतिबद्धतालाई प्रतिबिम्बित गरेको छ ।

## आर्थिक समाचार

### औषधी व्यवसायी संघ लुम्बिनी प्रदेश र प्रभु बैंकबीच बैंकिङ्ग साझेदारी

रुपन्देही । नेपाल औषधी व्यवसायी संघ, लुम्बिनी प्रदेश र प्रभु बैंक लि.बीच बैंकिङ्ग साझेदारी सम्झौता सम्पन्न भएको छ । शुक्रबार भएको एक कार्यक्रमबीच उक्त सम्झौता सम्पन्न भएको हो । कार्यक्रममा आफ्ना मन्तव्य राख्दै नेपाल राष्ट्र बैंक सिद्धार्थनगरका मुख्य निर्देशक सुदिप फुयालले क्यूआर कोड तथा डिजिटल बैंकिङ्गको महत्व तथा फाईदाहरु बारे जानकारी गराउँदै औषधी व्यवसायीहरुलाई क्यूआर कोडको वितरण पनि गरेका थिए । शुक्रबार लुम्बिनी बुद्ध गार्डेन रुपन्देहीमा एक समारोहबीच प्रभुका तर्फबाट प्रमुख व्यापार केन्द्रअधिकृत सुनिल राना र नेपाल औषधी व्यवसायी संघ, लुम्बिनी प्रदेशका तर्फबाट अध्यक्ष शिव शवालीले हस्ताक्षर गरेका छन् । उक्त कार्यक्रममा बोल्दै नेपाल औषधी व्यवसायी संघ, लुम्बिनी प्रदेशका तर्फबाट अध्यक्ष शिव ज्ञवालीले यस सम्झौताले आगामी दिनमा बैंक तथा व्यवसायीबीच सुमधुर सम्बन्ध हुनुका साथै व्यवसाय विस्तार तथा प्रबर्द्धनमा उल्लेख्य टेवा पुग्ने कुरा बताए । प्रभु बैंकका तर्फबाट प्रमुख व्यापार केन्द्र अधिकृत सुनिल रानाले बैंकका विभिन्न सेवा सुविधाहरुको बारेमा प्रष्ट पारेका थिए ।

### 'निजी क्षेत्रसँग सहकार्य आवश्यक'

वीरगञ्ज । नेपाल उद्योग वाणिज्य महासंघका वरिष्ठ उपाध्यक्ष चन्द्र प्रसाद ढकालले सरकार र निजी क्षेत्रबीचको सहकार्यले मुलुकमा छोटो समयमै समृद्धि हासिल हुने बताएका छन् । वीरगञ्ज उद्योग वाणिज्य संघको नवनिर्वाचित कार्यसमितिलाई कार्यभार हस्तान्तरण समारोहलाई शुक्रबार वीरगञ्जमा सम्बोधन गर्दै वरिष्ठ उपाध्यक्ष ढकालले तीनवटै तहका सरकारले निजी क्षेत्रसँग सघन रूपमा सहकार्य गर्नु आवश्यक रहेको धारणा राखेका छन् । ढकालले प्रदेश २ मा लगानीको अवसर पनि भएको र वातावरण पनि बन्दै गएको उल्लेख गर्दै यसमा निजी क्षेत्रलाई साथमा लिएर अघि बढ्न प्रदेश(२ सरकार र वीरगञ्ज उपमहानगरपालिकालाई आग्रह गरे । वीरगञ्जलगायत कतिपय स्थानीय तहका जनप्रतिनिधिको पृष्ठभूमि उद्योग व्यवसाय नै रहेको स्मरण गर्दै वरिष्ठ उपाध्यक्ष ढकालले निजी क्षेत्रका समस्या बुझ्नसक्ने राजनीतिक नेतृत्व नै सफल हुने बताए । नेपाल उद्योग वाणिज्य महासंघले भिजन पेपर २०३० ल्याउन लागेको र त्यसमा आउँदो १० वर्षभित्र २२ लाख नयाँ रोजगारी सिर्जना गर्दै अर्थतन्त्रको आकार १ सय खर्ब पुर्याउने लक्ष्य राखिएको जानकारी दिँदै यसको कार्यान्वयनका लागि वीरगञ्ज उद्योग वाणिज्य संघजस्ता संस्थाको भूमिका महत्वपूर्ण हुने बताए ।

### तेस्रो आइएमई टेनिस प्रतियोगिता सम्पन्न

काठमाडौं । अकिजुविन राउत र सर्भानी श्रेष्ठले तेस्रो आईएमई जेटिआई ग्रान्ड जुनियर खुला टेनिस प्रतियोगिता अन्तर्गत यु-१६ तर्फको उपाधि जितेका छन् । मण्डीखाटारस्थित टेनिस कोर्टमा आइतबार सम्पन्न यु-१६ ब्वाइज तर्फको फाइनल स्पर्धामा अकिले आरभ सम्राट हाडालाई २-१ सेटमा हराउँदै च्याम्पियन भएका हुन् । पहिलो सेट ६-१ ले आफ्नो पक्षमा पारेका अकिले दोस्रो सेट ३-६ ले गुमाएका थिए । अन्तिम तथा निर्णायक सेटमा अकिले आरभलाई ६-४ को सेटमा स्तब्ध बनाउँदै उपाधि उचालेका हुन् । अकिले आरभलाई पराजित गर्न ३ घण्टा समय खर्चिएका थिए । यस्तै गर्ल्स यु-१६ तर्फकै स्पर्धामा सर्भानी श्रेष्ठले रैना शाहमाथि २-० को सोझै जित निकालिन् । सर्भानीले दुबै सेट ७-५ ले पक्षमा पार्दै उपाधि उचालेकी हुन् । सर्भानीले रैनालाई हराउन साढे ३ घण्टा लागेको थियो ।

# हिन्दीलाई सम्पर्क भाषाको रुपमा संविधानमा व्यवस्थाको माग

जनकपुरधाम । प्रदेश २ सरकारका भौतिक पूर्वाधार विकासमन्त्री जितेन्द्र सोनलले जनजनको भाषा हिन्दीलाई नेपालमा बोलिने हरेक भाषाभाषीलाई एक अर्काको बीचमा सहजता ल्याउनका लागि सम्पर्क भाषाको संवैधानिक मान्यता दिन मांग गरेका छन् ।

नेपाल हिन्दी प्रतिष्ठानले जनकपुरधाममा आयोजना गरेको दुई दिवसीय १९ औं नेपाल राष्ट्रिय हिन्दी सम्मेलनमा बोल्दै मन्त्री सोनलले हिन्दी विश्व भाषाको मान्यता प्राप्त गरिसकेकोले यसको नेपालमा नेपालीजनताले दक्षता हासिल गराउन आजको अपरिहार्यता भइसकेको बताएका छन् ।

सो सम्मेलनको समुद्घाटन समारोहबीच हिन्दी भाषा साहित्यको श्रीवृध्दिमा साहित्य रचना गर्ने स्रष्टाहरुलाई सम्मान र पुरष्कार प्रदान गरिएको थियो ।

यसरी सम्मानित हुनेहरुमा देवी पन्थी, चतुर्भुज शर्मा, विजय यादव, राजेश्वर ठाकुर, विन्दु ठाकुर, दिनेश यादव, रामसागर साह, रामनारायण ठाकुर, रामशरण मण्डल, साधु राय, रामस्वार्थ यादव, डा. सूर्यनाथ गोप, डा. सुचित शर्मा, संगित मण्डलसहित पन्ध्र जना र नगद ५५हजार ५सय ५५सहित ललितपुर निवासी डा.कृष्णजंग राणालाई राजर्षिजनक प्रतिभा पुरस्कारबाट पुरस्कृत गरिएको छ । सम्मेलनमा नेपाल र भारतका साहित्य स्रष्टाहरुको सहभागिता रहेको छ । नेपालमा हिन्दीको मान्यताका लागि जेलनेल समेत भोगेका प्रेस तथा प्रजातन्त्र स्तन्त्रता सेनानी नेपाल हिन्दी प्रतिष्ठानका अध्यक्ष राजेश्वर नेपालीले दशकौंदेखि अभियान संचालन गर्दै आएका छन् ।

## प्रदेश २...

नेपाल र तिब्बतबीचको व्यापारिक मुख्य नाका रहेको यो क्षेत्रको सभ्यता पुरातात्विक उत्खननबाट समेत ३००० वर्षभन्दा अगाडिको रहेको पुष्टि भएको छ । तिब्बतीयन संस्कृतिबाट प्रभावित यस क्षेत्रको उत्तरी भेक, पर्यटक र अनुसन्धानकर्ताहरुको लागि अति नै महत्वपूर्ण तथा आर्कषणको केन्द्र रहेको छ ।

यस्तै समथर भूमि भएको क्षेत्र मधेश हो । अग्लो होचो र डाँडाकाँडा नभएको एकदम समथर भूमि, नै मधेश हो । दुवै क्षेत्रको हावापानी, भेषभूषा, रहनसहन, संस्कृति, रीतिरिवाज फरक भएको हुँदा त्यसलाई अंगीकार गरी मधेश र मुस्ताङ्गबीचको खाडललाई कम गर्न प्रदेश २ का प्रमुखको मुस्ताङ्ग यात्रा भएको हो ।

साताव्यापी मुस्ताङ्ग भ्रमणलाई उनले देशदर्शन भनेका छन् । यसक्रममा उनले मनाङ जिल्लाका विभिन्न पर्यटकीय क्षेत्रको पनि अवलोकन गरेका छन् । उनले भ्रमणकै क्रममा मनाङ जिल्लाको ऐतिहासिक 'भ्राका गुम्बा' लगायत पर्यटकीय क्षेत्रको अवलोकन गरे । कला, संस्कृति र पुरातत्वमा नेपाली सभ्यता अनुपम रहेको गुम्बाको अवलोकन पछि उनको प्रतिक्रिया थियो ।

यस्तै उनले अपर मनाङ गाउँपालिका वडा नं.६ का अध्यक्ष सोनामङ गुरुङसँग आन्तरिक पर्यटनको विकास तथा प्रवर्द्धनका विषयमा समेत छलफल गरे । प्रदेश २ प्रमुख अहिराज मनाङ पुग्दा वडा अध्यक्ष गुरुङले स्वागत गरेका थिए । उनले प्रदेश २ बाट मनाङमा धेरै पर्यटक आउने अपेक्षा समेत राखे ।

'तपाइँका अन्तर्वार्ता पटक-पटक हेरेको, देशभक्तिपूर्ण कुराहरु सुन्दै आएको थिएँ, आज प्रत्यक्ष मनाङमै भेट्न पाउँदा हामी सबै आनन्दित भएका छौँ,' वडा अध्यक्ष गुरुङले भने ।

प्रदेश प्रमुख अहिराज मनाङ र मुस्ताङसँगै गोर्खा, लम्जुङ, रसुवा, गोर्खा, नुवाकोट घुम्ने योजना रहेको छ । प्रदेश प्रमुखले आन्तरिक पर्यटनलाई बढाबा दिन मधेश र मुस्ताङ्गबीच सहकार्य हुनु पर्नेमा पनि जोड दिए । 'मुस्ताङ्गबासीले मधेश चिन्नुपर्छ, मधेशीले मुस्ताङ्ग बुझ्नु पर्छ,'उनले भने ।

## सरकार...

बहुमतले पारित गरेर गत असार ९ मा समिति सभापति शशि श्रेष्ठले प्रतिनिधिसभामा छलफलका लागि विधेयक पेस गरेकी थिइन । नेकपाभित्र चुलिएको रडाकोका कारण प्रधानमन्त्री केपी शर्मा ओलीले असार १७ मा संसद् अधिवेशन अन्त्य गरिदिए । विधेयक अधिवेशनका रूपमा समेत चिनिने हिउँदे अधिवेशन नै नबोलाई प्रधानमन्त्रीले गत पुस ५ मा प्रतिनिधिसभा विघटन गरिदिए । ६६ दिनपछि फागुन ११ मा सर्वोच्चले विघटन बदर गरेपछि संसद् अधिवेशन फागुन २३ बाट सुरु त भयो तर प्रभावकारी रूपमा चल्न सकेको छैन । संसद्ले सरकारलाई र सरकारले संसद्लाई समर्थन नगर्दा संसद् कामविहीन भइरहेको दाबी दुवै पक्षको छ।

कामविहीन जस्तो देखाएर संसद्को औचित्य छैन भन्ने पुष्टि गर्न खोज्दा नागरिकता दिन योग्य नागरिकले दु:ख पाउने र राज्यविहीन हुने अवस्था छ/। राज्य र व्यक्तिबीचको कानुनी सम्बन्ध स्थापित गर्ने महत्वपूर्ण र आधारभूत कागज नै नागरिकता हो। जन्मसिद्ध अधिकार सुनिश्चित गर्ने राज्यको दायित्व पनि हो। नागरिकता नहुँदा कतिले उच्च शिक्षा प्राप्त गर्न सकेका छैनन् भने पढाइ पूरा गरेकाले जागिर पाउन सकेका छैनन्। नेपालले लिएको सन् २०३० भित्रको सहस्राब्दी विकास (एसडीजी) लक्ष्यअनुसार दिगो विकासका लागि शान्तिपूर्ण तथा समावेशी समाजहरूको प्रवर्द्धधन गर्ने, सबैलाई न्यायमा पहुँच प्रदान गर्ने र सबै तहमा प्रभावकारी, जवाफदेही तथा समावेशी संस्थाहरू निर्माण गर्ने भनेर तोकिएको छ। उक्त लक्ष्यले सन् २०३० सम्ममा जन्मदर्तासहित सबैलाई कानुनी पहिचान प्रदान गर्नु भनेको छ। तर, नागरिकता प्रमाणपत्रबिना सन्तानको जन्मदर्ता गर्नसमेत सकिन्न।

तीन वर्ष हुनै लाग्दा पनि यति गम्भीर विषय कहिले समितिमा, कहिले संसदमा अल्झिनु आफ्नै नागरिकलाई पहिचानविहीन बनाउन राज्य स्वयंले भूमिका खेल्नुसरह भएको सरोकारवालाको भनाइ छ। नागरिकताकै विषयमा वकालत गरिरहेकी अधिवक्ता सुष्मा गौतम नागरिकता वितरणमा देखिएको सबै समस्या संसदमा विचाराधीन विधेयकले सम्बोधन गर्न नसक्ने भए पनि विधेयक पारित हुँदा केही हदसम्म समस्या सल्टिने बताउँछिन्।

गृह मन्त्रालयले २०७२ मा सबै जिल्ला प्रशासन कार्यालयमा परिपत्र गरेर कानुनी प्रावधानका आधारमा निर्णय गर्न निर्देशन दिइसकेको छ। एकातिर मन्त्रालयको परिपत्र आउँदा पनि आलटाल गर्ने प्रशासन र अर्कातिर नागरिकताजस्तो गम्भीर विषयसमेत संसद्मा अड्काइरहने राज्य संयन्त्र। दोहोरो मारमा परेका नागरिकलाई अरू पहिचानविहीन हुन नदिन संसद्बाट जतिसक्दो छिटो विधेयक पारित हुनुपर्ने राज्य व्यवस्था समिति सभापति श्रेष्ठको भनाइ छ।







## मिथिला दर्शन

टीभी कार्यक्रम हेर्न नभुल्नु होला ।

मिथिलाको धर्म, संस्कृति र संस्कारको संरक्षण, सम्बर्द्धन, प्रबर्द्धन र विशेष जानकारी दिनका लागि मैथिली संस्कृतिको साप्ताहिक टी.भी. कार्यक्रम मिथिला दर्शन NEWS 24 टेलिभिजनमार्फत् हरेक बुधबार बिहान ५:३० बजे र कार्यक्रमको पुन: प्रसारण हरेक बिहीबार राति १:३० बजे नियमित रूपमा प्रसारण हुँदै आइरहेको छ ।

**विशेष जानकारीका लागि सम्पर्क**

मोबाइल : ९८४३१४६४८८

कार्यक्रममा राय, सल्लाह, सुझाव र प्रतिक्रिया दिनका लागि

Email : bsmedia65@gmail.com


**मधेशवाणी प्रा.लि.**द्वारा प्रकाशित, सम्पादक : **रामर** . कार्यालय : मधेश मिडिया हाउस, अनामनगर, काठमाडौं, फोन नं. ०१-५७०६१४२, ५७०६१४१, फ्याक्स : ०१-५७०६१४१,
Email : mad gmail.com, Website : www.madheshvani.com, मुद्रण : **धिम्ले अफसेट प्रेस**, काठमाडौं